# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क १६, पूर्णाङ्क १११ | २०७४ असोज ४ गते बुधबार | Wednesday, 20 Sep 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## सर्लाहीमा गोली चल्यो

■ रातोखबर संवाददाता

सोमबार साँझ सर्लाहीको आकाशमाथि एकाएक सैनिक हेलिकप्टरले गस्ती गर्दा सर्लाही र आसपासका मानिसहरूले धेरै खालका अड्कलबाजी गरिरहे । सोही समयमा आफ्नै निजी सवारी साधन लिएर हरिऔन पुगेका स्थानीय व्यापारीले भने- 'अगाडी पछाडि सुरक्षाकर्मीका गाडी तैनाथ थिए । मतपेटिका बोकेको एउटा टयाक्टरमा बम विस्फोट भएको रहेछ । मतपेटिका यत्रतत्र छरिएका थिए । गाडीको टायर २० देखि २५ मिटर टाढासम्म उछिट्टिएको थियो । सडकमा निकै ठूलो खाल्डो परेको थियो । सेना-प्रहरीले लगातार हवाई फायरिङ गरिरहे । त्यसको केही समयपछि आकाशमा सैनिक हेलिकप्टरले गस्ती शुरु गऱ्यो । निकै त्रासपूर्ण चिच्चाहट मच्चिएको ... बाँकी पृष्ठ ७ मा

## जनसत्ताको नियन्त्रणमा घर्ती

■ रातो खबर संवाददाता / काठमाडौँ

जनसत्ताको संविधान उल्लङ्घन गरेर समानान्तर बुर्जवा सत्ता लागू गर्न खोजेको, काङ्ग्रेसका दलाल र क्रान्तिविरोधी प्रचण्डलाई थबाङमा ल्याएको तथा जनसत्ताको सिफारिस नलिईकन थबाङ जनपरिषद्को सभा बोलाएको आरोपमा थबाङ गापा अध्यक्ष वीरबहादुर घर्ती 'वियोग' लाई बिहीबार राति नेकपाको शब्दमा 'छलफलका लागि लगेको' बताइएको थियो । थबाङ २ स्थित ससुराली घरबाट नियन्त्रणमा लिएको प्रहरीको दाबी थियो । गाउँ परिषद् उद्घाटन गर्न प्रचण्ड थबाङ जानुभन्दा एक दिनअघि यो घटना भएको हो । रोल्पा सेक्रेटरी जागृतिले वीरबहादुर घर्तीलाई छलफलका लागि लगिएको स्वीकार गरेका थिए । घटनालगत्तै प्रहरीले थबाङलाई घेराबन्दीमा पारेर खोजी अभियान तीव्र पारेको थियो । सरकारले हवाई गस्तीसमेत गरेको थियो ।

शुक्रबार बिहान ८ बजे कुरेली नेकपाका कार्यकर्तालाई रोल्पा प्रहरीले पक्राउ गऱ्यो । पूर्वप्रम दाहाल थवाङ त पुगे तर यात्रा सुखद र उत्साहपूर्ण हुन सकेन । गापा प्राङ्गणमा परिषद्को नाम मात्रको सभामा १८ मिनेट मात्र बसेर दाहाल रुकुमतिर लागे । कुरेलीबाट २० जना र उवाबाट १५ जना सहभागी उक्त सभामा थबाङका जनता सहभागी नै भएनन् । प्रचण्डका लागि इतिहासकै सर्वाधिक निराशाजनक उक्त सभामा सुरक्षाकर्मी मात्र देखिएको स्थानीय रेशम शाहले बताएका छन् । शनिबार रोल्पा, भानभनेबाट स्थानीय जनताको बीचमा पत्रकारको एक टोलीसमक्ष जनताद्वारा पक्राउ गरिएका वीरबहादुर घर्तीलाई साँझ रिहा गरिएको थियो । आइतबार बिहान प्रहरीले नेकपाका केन्द्रीय सदस्य सुभासलाई पनि रिहा गऱ्यो । थबाङको घटनाले शान्तिप्रक्रियामा आएपछि प्रचण्ड-बाबुरामद्वारा पार्टी निर्णयविपरीत एकतर्फी रूपमा विघटित जनसत्ता फेरि क्रियाशील हुने स्पष्ट सङ्केत गरेको छ ।

### लहरो तान्दा पहरो गर्जिँदै

# आयल निगम डुबाउने अरू को-को ?

■ रातो खबर संवाददाता / काठमाडौँ



मन्त्री, दीपक बोहोरा




गोपाल बहादुर खड्का



दीपक मलहोत्रा

सरकारले सञ्चार र जनताको ठूलो दबाबपछि नेपाल आयल निगमका प्रमुख गोपालबहादुर खड्कालाई पदबाट बर्खास्त गरेको छ । रातो खबर साप्ताहिकलगायत सञ्चारले लामो समयदेखि भ्रष्टाचारी खड्काका ज्यादती, लुटपाट र अनियमितताको समाचार सम्प्रेषण गर्दै आएका थिए । नेकपाले खड्काका विरुद्ध सडक प्रदर्शन नै गरेको थियो । सञ्चारमा खड्काका विरुद्ध समाचार आउन थालेपछि उनले सम्बन्धित पक्षलाई धम्क्याउने गरेका थिए । खड्कालाई अख्तियारका पूर्वप्रमुख लोकमानसिंह कार्कीलाई जसरी नै हेरिएको थियो । खड्का र कार्कीमा समानता भनेको दुवैजना शक्तिकेन्द्रको आशीर्वादमा आएका थिए । उनीहरू दुवैजना मन्त्री र सचिव बनाउन, सरुवा गर्न वा निर्णयहरू उल्ट्याउन सक्ने राजनीतिक आशीर्वाद प्राप्त थिए । कार्कीले प्रमलाई नै दबाबमा राखेका थिए भने खड्काले मन्त्री र सचिवलाई दबाबमा राखेर तलकाको मुख थुनेर भ्रष्टाचार गर्दै आएका थिए । गोपालबहादुर खड्का आयल निगममा राजनीतिक रूपमा दीपक बोहोरा समूह, बिचौलिया व्यापारी (जो नेपालको एउटा ठूलो तर अदृश्य शक्ति केन्द्र हो) समूह र नेपालको आन्तरिक राजनीतिको सूक्ष्म व्यवस्थापन गरिरहेको भारतीय दूतावासको एकीकृत योजनामा नेपाल आयल निगममा पुगेका थिए । खड्का एक्लै छैनन् । तसर्थ गोपाल खड्का समूहको समग्र छानबिन गरिनुपर्दछ र सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ । पदबाट निलम्बन मात्र होइन, उक्त झुन्डबाट राज्य ढुकुटी र अनियमितताका कारण भएको क्षतिको पूर्तिसमेत गराउन आवश्यक छ । सञ्चार र नागरिकको दबाब थेग्न नसक्ने र त्यसको प्रभावमा चुनावमा पर्नसक्ने भएपछि तराईको चुनावको अघिल्लो दिन भ्रष्ट सरकारी गठबन्धन खड्कालाई कारबाहीको नाटक गरेर साखुल्ले बनेको छ । खड्काको पछाडि नाटकको वास्तविक चित्र अझै लुकेको, लुकाइएको छ । गोपालबहादुर खड्काको निलम्बन आयल निगम भ्रष्टाचारको 'कास्टिङ' मात्र हो । त्यसका सबै पर्दाहरू उघ्रिनु पर्दछ । आयल निगम भ्रष्टाचारमा मन्त्री ... बाँकी पृष्ठ ७ मा

## भ्रष्टहरू नेकपाको निशानामा







■ रोहित ढकाल / काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले भ्रष्ट, दलाल, जनविरोधी र माफियाहरूका विरुद्ध जनकारबाही तीव्र बनाएको छ । रातो खबर संवाददाताहरूले देशका विभिन्न क्षेत्रमा नेकपाले जनकारबाही गरेका समाचार सम्प्रेषण गरेका छन् ।

रामेछाप संवाददाताका अनुसार नेकपाले सोमबार मध्याह्न १२:४५ मा रामेछाप जिल्ला विकास अधिकारी दिनेशराज पन्तलाई करोडौँ रूपैयाँ भ्रष्टाचार गरेको आरोपमा कार्यकक्षमै कालोमोसो दलेको छ । जिल्लाका विभिन्न सडक निर्माण र विकास योजनामा प्राविधिक र इन्जिनियरसँग मिलेर ठेक्काका काम र स्थानीय उपभोक्ता समूहका फाइल अड्काएर करोडौँ रूपैयाँ घुस खाएको उजुरीका आधारमा मोसो लगाएर चेतावनीस्वरूप पार्टीले कारबाही गरेको जानकारी जिल्ला सेक्रेटरीले दिएका छन् । घटना हुँदा माकेका नेता रामबहादुर थापा 'वादल' र गृहराज्यमन्त्री श्यामकुमार श्रेष्ठ 'कुशल' रामेछाप जिल्ला प्रशासन कार्यालयमा पार्टी प्रशिक्षणमा सहभागी थिए । ... बाँकी पृष्ठ ७ मा

## प्रदेश नम्बर २ मा कहाँ के भयो ?

■ अम्बिका चन्द / काठमाडौँ

दुई नम्बर प्रदेश अन्तर्गत चुनाव खारेज अभियानमा रहेको नेकपाले बम विस्फोटनका घटनाहरूको जिम्मा त लिएको छैन तर उसले चुनाव खारेज अभियानमा आफ्ना कार्यकर्ता र जनताहरू व्यापक रूपमा सहभागी भएको जनाएको छ । नेकपाको चुनाव खारेज अभियान कस्तो रह्यो त ? नेकपाका जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेल भन्छन् -'सरकारी निकायले जस्तोसुकै विवरणहरू सार्वजनिक गरेपनि कैयौ ठाउँमा मतदाताहरूले चुनाव बहिष्कार गरेका छन् र भाग लिएका छैनन् । हाम्रो प्रस्तावमा जनता सहमत हुनु भनेको हाम्रो योजनाको प्रभावकारी कार्यान्वयन नै हो ।' राज्यका सबै शक्तिहरूको परिचालनसहित चुनाव सम्पन्न गरिएको भनिएको दुई नम्बर प्रदेश हप्तादिन अघिदेखि नै निकै तनावग्रस्त अवस्थामा रह्यो । साना ठूला गरी सयौँ कार्वाहीहरू प्रदेश अन्तर्गतका जिल्लाहरूमा भएका छन् । बहालवाला राज्यमन्त्री शम्भुलाल श्रेष्ठको क्रसर उद्योगदेखि पूर्व पञ्चायती मण्डले हेमबहादुर मल्लकी बुहारी प्रेक्षा मल्लको घरमा बम विस्फोट भएको छ भने सिरहाको मेयरपदका उम्मेदवार मुन्नि शाहको घरदेखि माके उम्मेदवार सुकमान वाइवाको घरमासमेत बम विस्फोट भएको छ । यस्तै पर्साको विरगन्ज महानगरपालिका १९ विन्दवासिनी बुथकेन्द्रलगायत सप्तरीको सप्तकोशी नगरपालिका खप्तेश्वर बजारस्थित गोवर्धन माविमा रहेको मतदान केन्द्रमा भएका विस्फोटनहरू प्रतिनिधिमूलक घटना हुन् । यस्तै रौतहट, चन्द्रपुरमा राज्यलाई कर नतिर्दा एनसेलको टावरमाथि गरिएको आक्रमणबाट ५ करोड भन्दा बढीको क्षति भएको बताइएको छ । यस्तै कांग्रेस उम्मेदवार हरिनारायण सिहं र विनोद खनालले भारतीय नम्बरको गाडी चुनावी प्रचारमा प्रयोग गर्दा चुनाव खारेजीवालाको निशानामा परेका छन् ।

चुनावी मितिको पूर्व सन्ध्यामा दुई नम्वर प्रदेश अनर्तगतका ८ ... बाँकी पृष्ठ ७ मा

## बीपी अस्पताल बचाउन धरानबासी अख्तियारमा

■ घनश्याम ढकाल / इटहरी

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा अनियमितता र व्यापक राजनीतिक हस्तक्षेप बढेको पाइएका कारण त्यसका विरुद्ध धरानबासी तथा विभिन्न क्षेत्रले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ध्यानाकर्षण गराएका छन् । शुक्रबार धरान एकता समाज, नेपाल औषधि व्यवसायी सङ्घ कोसी अञ्चल एकाइ समिति धरानका पदाधिकारीसहित धरानबासी अख्तियारको इटहरीस्थित सम्पर्क कार्यालय पुगेर ज्ञापनपत्र बुझाउँदै अनियमितता र राजनीतिक हस्तक्षेप तत्काल रोक्न माग गरेका हुन् । बीपी प्रतिष्ठान धरानेहरूको मात्र सम्पत्ति नभई देशकै सम्पत्ति भएकाले यसको रक्षार्थ धरानेहरू सदैव एकजुट हुने कुरा उल्लेख गर्दै अख्तियारले तत्काल राजनीतिक हस्तक्षेप रोक्नुपर्ने उनीहरूको माग ... बाँकी पृष्ठ ६ मा


शुभकामना

विजयादशमी, दीपावली तथा छठ पर्व २०७४
सालको अवसरमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

पदम शंकर गिरी
नेपाल जनता पार्टी
अध्यक्ष, कास्की


## थबाङका नयाँ शत्रुहरू

देश/परिवेश

■ सन्तोष बुढामगर



दलाल सत्ताको स्थानीय निर्वाचनको नौटङ्की षड्यन्त्र, दमन, धरपकड र प्रतिरोधका बीच सकिएको छ । स्थानीय चुनावमा एकातिर दलालहरूको कुर्सी लुछालुछ, प्रतिस्पर्धा र मारामार, अर्कोतिर संसदीय व्यवस्थाको भन्डाफोर र चुनावको खारेजी अभियान दमन, प्रतिरोध र सङ्घर्षमय बन्यो । कालीकोट, मुगुलगायत जिल्लाका जनताले चुनाव खारेज अभियान सफलतापूर्वक सम्पन्न गरे । कालीकोटमा धनरूप बटाला र कैलालीमा क. सनराइजको रगत बग्यो । कयौँ घाइते अङ्गभङ्ग पनि भए । यो क्रान्तिका खातिर थियो भने अर्कोतिर चुनाव जित्नलाई पनि मारामार गरे । स्थानीय निर्वाचनको बेला दोलखा, काभ्रेलगायत जिल्लाहरूमा काङ्ग्रेस, एमाले र माकेका आधा दर्जन कार्यकर्ताको आपसी झडपमा ज्यान गयो । यो क्रान्तिका लागि नभएर दलगत/व्यक्तिगत स्वार्थसिद्धिका लागि थियो ।

रगत त व्यक्तिगत स्वार्थ र गुन्डागर्दीका लागि पनि बग्दो रहेछ भने क्रान्तिमा त स्वाभाविक नै हो । यसरी हेर्दा पनि व्यक्तिगत स्वार्थमा भन्दा क्रान्तिमा कम रगत बगेको छ । त्यसैले धेरैले के बुझ्ने गर्दछन् भने 'क्रान्ति भनेको मर्ने र मार्ने अभियान हो' तर सत्य त्यसो नभएर कमभन्दा कम रगत खर्चेर बढीभन्दा बढी परिवर्तनको उपलब्धि प्राप्त गर्ने सिद्धान्त नै एकीकृत जनक्रान्ति हो । आखिर आधा दर्जन काङ्ग्रेस-एमाले माकेका कार्यकर्ता मरेर के पाए ? उपलब्धि के भयो ? तर धनरूप र सनराइजको सहादतले संसदीय व्यवस्थाको आयु १० वर्ष घटाइदिएको छ र उहाँहरू एकीकृत जनक्रान्तिको पहिलो सहिद बन्न सफल हुनुभएको छ । उहाँहरूको ज्यान लिने हिजोका क्रान्तिका नायक भनिने प्रचण्डहरूलाई क्रान्तिका नायक होइन, प्रतिक्रान्तिका नायक, क्रान्तिका खलनायकका रूपमा उभ्याएर जानुभएको छ । यो इतिहासमा कहिल्यै नमेटिने गरी लेखेर ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

### आयो दसैँ बाजा बजाई, गयो दसैँ ऋण बोकाई

चाडपर्वहरू तत्कालीन समाजको चेतना झल्काउने सांस्कृतिक अभिव्यक्तिहरू हुन् । नेपाली समाजमा दसैँ, तिहार, छठलगायत परम्परागत चाडपर्व नजिकिएका छन् । आमजनसमुदाय, चेतनास्तर कमजोर भएको वर्गमा यस किसिमका चाडपर्वले ठूलो प्रभाव पार्ने गर्छन् । त्यस किसिमको प्रभाव सकारात्मक कम र नकारात्मक बढी हुने गरेका छन् । अन्धविश्वासमा आधारित र रूढिमा जकडिएका यस किसिमका पर्वले समाजलाई अग्रगामीभन्दा पश्चगामी दिशातर्फ धकेल्न सहयोग पुऱ्याउँछन् ।

दार्शनिक कार्ल मार्क्सले धर्मलाई अफिमसँग तुलना गर्नुभएको छ । उहाँले कुनै पनि धर्म राज्य, समाज र वर्गबाट उत्पीडित श्रमिक वर्गको सुस्केरा भए पनि समाजका लागि अफिमजस्तै लट्ठ्याउने लागूपदार्थ रहेको व्याख्या र विश्लेषण गर्नुभएको हो । संसारकै असल कम्युनिस्टहरूले धर्मलाई अफिमका रूपमा लिने गरेका छन् । वास्तवमै आमूल परिवर्तनका पक्षधर, ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादलाई जीवनदर्शन बनाउने कम्युनिस्ट क्रान्तिकारीहरू यस किसिमका कुनै पनि अन्धविश्वासी र रूढिग्रस्त संस्कार, संस्कृतिमा आधारित चाडपर्वहरूबाट टाढा रहन्छन् ।

परम्परागत चाडपर्वहरूले समाजलाई अग्रगामी रूपान्तरणमा बाधाव्यवधान उत्पन्न गराउँछन् । वस्तुलाई हेर्ने दृष्टिकोण अद्वैतवादी, एकात्मक र एकपक्षीय हुनु भनेको गतिशीलताको बाधक बन्नु हो । समाजको चेतना बदलिने तर संस्कृति झल्काउने चाडपर्वहरू पुरानै हुनु सङ्गतिपूर्ण हुँदैन । संस्कृति सत्तासँग सम्बन्धित विषय हो । सत्ता जुन वर्ग, जुन चिन्तन र जुन धाराको हुन्छ संस्कृतिले पनि त्यही वर्गको रक्षा र सेवा गर्छ । संस्कृतिलाई वर्गसङ्घर्षले निर्धारण गर्छ ।

जनयुद्धको समयमा युद्धको बलले पुरानो सत्ता धराशायी हुँदै नयाँ सत्ता निर्माण हुँदै गएको थियो । नयाँ सत्ताको निर्माणसँगै नयाँ, वैज्ञानिक र जनसंस्कृति निर्माण हुँदै गएको थियो । संसारलाई हेर्ने, बुझ्ने र बदल्ने नयाँ दृष्टिकोणको विकास भएसँगै परम्परागत सत्ता, संस्कृति र त्यसमा आधारित पुरातन पर्वहरूको अस्तित्व समाप्त हुँदै गएको थियो । छुवाछूतको अन्त्य, दलित, महिला र श्रमिक वर्गलाई हेर्ने दृष्टिकोणमा परिवर्तन, आफ्नो वर्गको मुक्ति र स्वतन्त्रता, समानतामूलक समाजको निर्माणका लागि त्याग, शौर्य र बलिदानसम्म गर्न गौरव गर्ने उच्च र उदात्त संस्कृतिको निर्माण भएको थियो । समाजमा यस किसिमको नयाँ संस्कृति निर्माण भएसँगै नयाँ चाडपर्वहरूको निर्माण र विकास हुँदै गएको थियो । जनयुद्ध दिवस, सहिद सप्ताह, सांस्कृतिक प्रतिरोध दिवस, वीरता दिवसजस्ता वर्गसङ्घर्षले जन्माएका नयाँ पर्वहरूको आरम्भले जनतामा नयाँ उत्साहका साथै नयाँ र मौलिक संस्कार र संस्कृति अवलम्बन गर्ने जोस र जाँगर पनि बढ्दै गएको थियो । वर्गसङ्घर्ष उत्कर्षमा जाँदै गर्दा समाजको परम्परागत पर्वहरूप्रतिको मोह पनि घट्दै र त्यसप्रकारको प्रवृत्ति प्रतिस्थापित बन्दै गएको थियो ।

यतिबेला समाज राजनीतिक प्रतिक्रान्तिका कारण सांस्कृतिक प्रतिक्रान्तिसमेत झेल्न विवश छ । हिजो वर्गसङ्घर्षले विस्थापित गरेका परम्परागत चाडपर्वहरूले फेरि स्थान पाउन लागेका छन् । सामन्तवादी उत्पादनसम्बन्धमा आधारित र रूढिग्रस्त चिन्तनले ग्रसित यस्ता पर्वहरूले शिर उठाउनु भनेको हाम्रो चिन्तन क्रमशः कमजोर बन्दै गएको सङ्केत हो । अब यसलाई उल्ट्याउनुपर्छ ।

परम्परावादी संस्कार झल्काउने यस किसिमका चाडपर्वले आम श्रमजीवी जनसमुदायमा अनाहक आर्थिक व्ययभार बढाउँछ र कयौँ श्रमजीवी जनतालाई कङ्गाल बनाउँछ । समाजमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा, बढ्दो महँगी र बेथितिका कारण जनसमुदायले सुस्केराकै रूपमा पनि यस किसिमका पर्वहरू मनाउन सक्ने अवस्था छैन । राज्यसत्ता श्रमजीवी जनताका विरुद्ध छ । भ्रष्टाचारले समाजलाई पूरै जेलेको छ । दलाल संसदीय व्यवस्थामा ठूलो माछाले सानो माछा खाने क्रम उत्कर्षमा पुगेको छ । श्रमजीवी वर्गका लागि दैनिकी टार्नसमेत धौधौ छ । समाजमा विद्यमान बेथिति-विसङ्गति अन्त्य गर्न र परम्परावादी, अन्धविश्वासी, रूढिवादी संस्कार-संस्कृति बोकेका पर्वहरूको विकल्पमा श्रमजीवी जनताको जीवन र समाजको नयाँ अवस्था झल्काउने गरी हिजो विकसित पर्वहरू ब्युँताउनुपर्ने आवश्यकता छ । जनतालाई 'आयो दसैँ बाजा बजाई, गयो दसैँ ऋण बोकाई' भनेजस्तो हुनु हुँदैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ **– रातो खबर साप्ताहिक**

# कम्युनिस्ट स्कुलिङ र क्रान्तिबारे


भरत बम 'रणवीर'

**हामीले नेपालमा मालेमावादको विकासको कुरा गरेका छौँ । यसका लागि अधुरो नेपाली क्रान्ति एकीकृत जनक्रान्तिद्वारा पूरा गर्ने कुरा गरेका छौँ । यो सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले पुष्टि गर्नुपर्दछ । त्यसका लागि स्कुलिङ विभाग क्रियाशील छ ।**

स्कुलिङ र क्रान्ति अन्तरसम्बन्धित, विस्तारित र बृहत् विषय हुन् तर यसको व्यापकतामा प्रवेश नगरी मात्रै क्रान्ति र स्कुलिङलाई अन्तरसम्बन्धित गरेर साम्यवादसम्म लैजाने पार्टीको प्रयास छ । यो सन्दर्भमा केही जानकारी र पार्टीले संश्लेषण गरेका विषयमा सामान्य चर्चा गर्ने उद्देश्यले यो छोटो लेख तयार पारिएको छ ।

गएको भदौ १३ गते पार्टीका महासचिव कमरेड विप्लवले केन्द्रीय स्कुलिङको उद्घाटन गर्दै भन्नुभयो, ' प्रतिकूल परिस्थितिमा मालेमाको विकास भयो र क्रान्ति सफल भए तर अनुकूल परिस्थितिमा त्यसमा प्रश्न उठाइयो र ढले, किन ? नेपालमा किन क्रान्ति भएन ? के फेरि क्रान्ति सम्भव छ ? यो के समस्या हो ? वस्तुतः यो भनेको विश्व दृष्टिकोण, मालेमा र क्रान्तिको कार्यदिशा विकास र लागू गर्ने समस्या हो । त्यसैले हाम्रो स्कुलिङले विश्वदृष्टिकोण र एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा र यसलाई लागू गर्नेबारे प्रशिक्षित गर्नु पर्दछ र यसलाई तल पार्टी सदस्य हुँदै जनतासम्म लैजानुपर्छ ।'

यसरी दिशानिर्देश गरेपछि काठमाडौँको एक गाउँमा जनताको बीचमा एक सातासम्म केन्द्रीय स्कुलिङ सुरु भयो जहाँ देशैभरिका नियमित २३ जना प्रशिक्षार्थी, ७ जना प्रशिक्षक र व्यवस्थापक गरेर ३५ जनाको उपस्थिति रहेको थियो भने केही विषयगत विशेषज्ञ अथिति प्रशिक्षकलाई पनि सहभागी गराइएको थियो । यसरी जनश्रममा जोडिँदै भदौ २० गते जनतासँगको अन्तरक्रियासहित स्कुलिङ समापन भयो ।

स्कुलिङका विषयहरू सदाझैँ मालेमावादका तीन सङ्घटक अङ्ग दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद जसअन्तर्गत सैन्य विज्ञान, सूचनासञ्चार तथा विज्ञानप्रविधि र सौन्दर्यशास्त्रका बारेमा स्कुलिङ भयो । क्रमशः स्कुलिङ विभाग इन्चार्ज कमरेड सुदर्शनले दर्शनशास्त्र, कमरेड रणवीरले वैज्ञानिक समाजवाद, कमरेड गम्भीर र अथिति प्रशिक्षक प्रा. रमेश शर्मा, डा. गोपाल शिवाकोटी ' चिन्तन' ले राजनीतिक अर्थशास्त्र, कमरेड प्रज्वलनले सैन्य विज्ञान, कमरेड गुणराजले सूचना-सञ्चार तथा विज्ञान-प्रविधि र कमरेड शङ्करले सौन्दर्यशास्त्रबारे स्कुलिङ दिनुभयो । विगतका कम्युनिस्ट स्कुलिङले कम्युनिस्टप्रति आकर्षण ल्यायो र आन्दोलनको विकास त गरायो तर त्यसले न कम्युनिस्ट आन्दोलन एकीकृत गर्न सक्यो, न त सफल नै गर्न सक्यो । पछिल्लो कम्युनिस्ट आन्दोलनको उत्कर्ष माओवादी जनयुद्ध थियो । त्यो पनि सफल भएन । त्यसैले ती विगतका स्कुलिङको सकारात्मक पक्ष ग्रहण गर्दै अपूर्णतालाई पूर्ण बनाउन स्थापित यो नयाँ स्कुलिङ हो । यो नयाँ स्कुलले विगत स्कुलिङझैँ मालेमावादको अध्ययन, अनुसन्धान र प्रयोगमा मात्रै हैन, मालेमावादको विकास, अध्ययन, अनुसन्धान र प्रयोगको विशेषता बोकेको छ । यो उत्तरसाम्राज्यवाद, संशोधनवाद, नवसंशोधनवाद र जडसूत्रवादविरोधी स्कुल हो । यो मालेमाको विकास एकीकृत जनक्रान्तिको नयाँ स्कुलिङ हो ।

अहिले पार्टीले 'संसारलाई बुझ्ने र बदल्ने मात्रै ठूलो कुरा हैन, बरु बदलिएको संसारको रक्षा र निरन्तर विकास आवश्यक छ' भन्ने नयाँ विकसित दार्शनिक मान्यतासहित अगाडी सारेको 'उत्तरसाम्राज्यवाद', 'एकीकृत जनक्रान्तिको कार्यदिशा' र 'वैज्ञानिक समाजवादी क्रार्यक्रम' लाई मालेमावादको विकासमा दूरगामी महत्वको सकारात्मक प्रयास मानेको छ । तर आलोचकले यसलाई मालेमाबाट विचलन भनेका छन् । इतिहासमा झैँ मालेमावादको विकासका निम्ति विरोधी विचार, सिद्धान्तविरुद्धको सङ्घर्ष अनिवार्य नै हुनेछ । त्यसैले यी विषयमा सङ्क्षिप्त रूपमा केही भन्न आवश्यक छ ।

सामाजिक क्रान्तिको विज्ञान तथा मानवीय ज्ञानका क्षेत्रमा आजसम्मको सबैभन्दा वैज्ञानिक विश्व दृष्टिकोण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद नै हो । यो दर्शन तथा विश्वदृष्टिकोणको संश्लेषण कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले गर्नुभयो जसमा संसारलाई बुझ्ने र व्याख्या गर्ने मात्रै हैन बरु बदल्ने मुख्य कुरा हो भनियो । यसरी समाजवादी साम्यवादी दिशामा संसारलाई बदल्ने अवधारणासहित दर्शनमा मार्क्सले क्रान्ति ल्याउनुभयो । परिणामतः क्रान्ति भए विश्वको दुईतिहाइ भूभागमा समाजवाद आयो । समाजवादी नभनी कोही पनि नटिक्ने स्थिति पैदा भयो तर विडम्बना ! एकातिर समाजवादी सत्ता गुमे, क्रान्ति प्रतिक्रान्तिमा बदलिए र विजयको नजिक पुगेका क्रान्ति पनि धक्का खाँदै असफल भए । समग्रमा कम्युनिस्ट आन्दोलनले धक्का खायो । अनि साम्राज्यवादी विचारकले इतिहासको अन्त्यको घोषणा गरे भने अर्कोतिर पुँजीवादी तथा साम्राज्यवादीहरूले कम्युनिस्टहरूबाट सिक्दै आफ्नो दर्शन, विचार र राजनीतिमा निरन्तर विकास गरे । परिणामतः प्रतिक्रान्ति गर्न सफल भए । गुमेको संसार र सत्ता फिर्ता गरे र अहिलेसम्म टिकाइरहेका छन् । पछिल्लो समय माओले मार्क्सको 'संसार बदल्ने अवधारणा' सहितको दार्शनिक विश्वदृष्टिकोणमा विकास गर्नुपर्ने आवश्यकताबोध गर्दै 'सर्वहारा सांस्कृतिक क्रान्तिको उद्देश्य विश्वदृष्टिकोणको समस्या समाधान गर्नु हो' भन्नुभयो तर पनि हाम्रो विचारमा त्यो कार्यभार अधुरो नै रह्यो । त्यसैले हाम्रो पार्टीका महासचिव कमरेड विप्लवका तर्फबाट त्यो अधुरो कार्यभार पूरा गर्न र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन एक विज्ञान हुनुले यसको पनि निरन्तर विकास हुने मान्यता र विश्वाससहित 'संसारलाई बुझ्ने र बदल्ने मात्रै हैन, बरु बदलिएको वस्तुको रक्षा र निरन्तर विकास मुख्य हो' भन्ने अवधारणा अगाडी सारिएको छ । यो दूरगामी महत्वको नयाँ दार्शनिक संश्लेषण हो जसले प्रतिक्रान्तिको सामना गर्दै साम्यवादसम्म मानवसमाजलाई दिशानिर्देश गर्न सक्छ ।

आजको विश्वलाई कसरी हेर्ने र बुझ्ने त ? के साम्राज्यवाद लेनिन र माओको पालाको जस्तो छ ? अवश्य पनि छैन । त्यो निरन्तर गति र विकासमा छ र लेनिनले विश्लेषण गरेको 'साम्राज्यवादको एकाधिकारवादी, परजीवी र मरणासन्न चरित्र' गति र विकासको नियमानुसार नै तीव्रतर रूपमा व्यापक बन्दै गएको छ जसले वित्तीय पुँजीवादी र निगम पुँजीवादी चरित्र ग्रहण गरिरहेको छ परिणामतः सीमित व्यक्तिहरूको हातमा संसारको आधा पुँजी केन्द्रित भएको छ । तिनीहरू संसारको राजनीतिलाई प्रभावित गरिरहेका छन् अनि पुँजीको अझ धेरै केन्द्रीकरणमा अव्यस्त छन् र त्यो पुँजीको रक्षार्थ युद्धको सहारा लिन बाध्य छन् । हो, यो नयाँ अवस्थालाई साम्राज्यवादकै परिभाषाले समेट्न सक्दैन, त्यसैले पार्टीले पछिल्लो साम्राज्यवादको परिवर्तीत स्वरूपलाई उत्तरसाम्राज्यवाद भनेर परिभाषित गरेको छ । यहाँ प्रश्न पुँजीवाद तथा साम्राज्यवादको नयाँ रूप छ कि छैन ? भन्ने नै हैन, बरु साम्राज्यवादको वर्तमान नयाँ रूपलाई सबैले मानेर पनि त्यसलाई कसरी कुन रूपमा परिभाषित वा संश्लेषण गर्ने भन्ने हो । त्यसैले पार्टीले सापेक्षिक रूपले उत्तरसाम्राज्यवादको परिभाषा तथा संश्लेषण सही ठानेको छ ।

यहाँ शब्द तथा पदावली प्रयोगको मात्रै कुरा गर्ने हो भने उत्तरअवधारणाको प्रयोगको दुई अर्थ वा उद्देश्य बुझिन्छ । पहिलो हो : साम्राज्यवादलगायत सबै वस्तुहरू पुरानो अवस्थामा छैनन् र ती निरन्तर गतिशील, परिर्वतनशील छन् र तिनलाई नयाँ रूपमा परिभाषित गर्नुपर्छ भन्ने तथ्यको स्वीकारोक्ति । दोस्रो महत्वपूर्ण कुरा के हो भने यो कम्युनिस्ट दर्शन, विचार र राजनीतिको अन्त्यको घोषणा गर्दै सङ्कटग्रस्त साम्राज्यवादको रक्षार्थ कम्युनिस्टलगायत सबै विरोधीसँग लड्ने हतियारका रूपमा । यहाँ साम्राज्यवाद पनि गतिशील हुने तथ्यलाई स्वीकार्दै साम्राज्यवादले कम्युनिस्टविरुद्ध प्रयोग गरेको उत्तरअवधारणाको हतियार खोसेर उसकैविरुद्ध प्रयोग गर्दै साम्राज्यवादको अन्त्यको घोषणा गर्न आवश्यक भएकाले उत्तरसाम्राज्यवादको परिभाषा गरिएको हो । जस्तो कि राइफललाई तपाईं के भन्नुहुन्छ ? यो जनताले बनाउँछ तर शासकले जनता दमन गर्न प्रयोग गर्छ । फेरि ठीक ढङ्गले जनताले प्रयोग गरे भने शासकको अन्त्य गरिदिन्छन् । लेनिनले त झन् साम्राज्यवादको संश्लेषण गर्दा सामन्तवादी युगको प्रतिनिधित्व गर्ने शब्द प्रयोग गरेको हो तर ठीक ढङ्गले प्रयोग गर्दा अक्टुबर क्रान्ति भयो । आज हामीलाई २१ औं शताब्दीमा नयाँ क्रान्ति आवश्यक छ- न कि बुद्धिविलास र शब्दको खेल । त्यसैले उत्तरसाम्राज्यवादको संश्लेषण गरिएको हो ।

एकीकृत जनक्रान्तिको कार्यदिशा पछिल्लो विकसित समाजका सातवटा विशेषतासहित संश्लेषण गरिएको नयाँ कार्यदिशा हो, गाउँ र सहरको एकीकरणद्वारा पैदा भएको भूमण्डलीकृत एकाइ, नयाँ श्रमिकवर्ग-मध्यम वर्गको उदय, सूचना सञ्चार तथा विज्ञानप्रविधिको विकास यी नेपाललगायत विश्वव्यापी विशेषता हुन् भने नेपाली समाजका विषेशता नेपाली समाजको मिश्रित सामाजिक बनोट, देशभक्त शक्तिको उपस्थिति, दलाल पुँजीवाद र भूपरिवेष्ठित मुलुक गरेर सातवटा विशेषताका कारण एकीकृत जनक्रान्तिको कार्यदिशा संश्लेषण गरिएको हो । यो कार्यदिशा सशस्त्र जनविद्रोह र दीर्घकालीन जनयुद्धका सार्वभौम मान्यतालाई लिएर पछिल्लो विकसित उपरोक्त विशेषतालाई आधार बनाइ विकास गरिएको नयाँ कार्यदिशा हो । यो कार्यदिशाको वैज्ञानिकता तीनवटा मानकद्वारा पुष्टि गर्न सकिन्छ : एक, मालेमावादको सार्वभौम पक्ष बल प्रयोगको अनिवार्यता अथवा जनविद्रोह र जनयुद्धका सार्वभौम पक्षलाई आत्मसात गरेको छ कि छैन ? दोस्रो, पछिल्लो विकसित परिस्थितिलाई ठीक ढङ्गले सम्बोधन गरेको छ कि छैन ? र तेस्रो, नीति र नेतृत्वको अन्तरसम्बन्ध अथवा नेतृत्वको क्रान्ति सम्पन्न गर्ने उद्देश्य हो कि हैन ? यी तीनवटै मानकबाट हेर्दा यो कार्यदिशा सही र वैज्ञानिक छ । ठोस रूपमा, एकीकृत जनक्रान्तिले श्रमिक उत्पीडित जनता, बन्दुक र सेनालाई एकीकृत गर भन्छ । अन्तिम कुरा, भौतिक विज्ञानमा स्टेफन हकिन्सले सापेक्षतावाद र अनिश्चिततावादको सिद्धान्तलाई लिएर एकीकृत भौतिकीको सिद्धान्त अघि सारेका छन् जसले समाज विज्ञानमा एकीकृत जनक्रान्तिको ... बाँकी पृष्ठ ४ मा

शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. सुभास गुप्ता
शक्ति ट्रेडर्स
भरतपुर महानगरपालिका-३,
फोन नं. ९८५५०५६३६८

शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बाबुराम अधिकारी
नारायणी जग्गा तथा आवास ब्यवसायी संघ
भरतपुर महानगरपालिका-३,
फोन नं. ९८५५०५६३६८

▶▶ पृष्ठ १ बाट बाँकी

# थबाङका नयाँ शत्रुहरू

जानुभएको छ। यो हो उपलब्धि भनेको।

दस वर्षको जनयुद्धद्वारा विस्थापित विश्वमै असफलसिद्ध पश्चिमा संसदीय व्यवस्थालाई षड्यन्त्रपूर्ण रूपमा पुनर्स्थापना गरेपछि हाम्रो पार्टीले यसका विरुद्ध झन्डा उठाएको हो । उनीहरूद्वारा घोषित स्थानीय निर्वाचनलाई हाम्रो पार्टीले पूर्ण रूपमा खारेज गर्ने घोषणा गरेको थियो । त्यसो त नेकपा (माओवादी) ले २०५४ सालमै खारेज गरेर मरणासन्न अवस्थामा पुऱ्याइसकेको थियो । त्यही बचेखुचेको सत्तालाई विदेशी मालिकहरूले फुकी प्राण भरेर दलाल सत्ताका रूपमा उभ्याएका थिए। त्यसैलाई स्लाइन चढाई केही समय बचाउन अहिले यो स्थानीय चुनाव र निकट भविष्यमै प्रदेश र सङ्घको चुनाव गरी सुदृढ गर्ने धृष्टता गरिरहेका छन् । त्यसैको नौटङ्की हो यो चुनाव । त्यसैले यसको आयु बढाउने चुनावी चलखेलतिर होइन, यसको आयु छोट्याउने परिवर्तनको बाटोतिर लाग्ने तत्कालिक अभियानको नाम थियो 'खारेजी अभियान'। यो अहिले पनि जारी छ। जबसम्म यो व्यवस्था रहिरहन्छ र चुनावहरू भइरहन्छन् ।

यसै प्रसङ्गमा गत स्थानीय निर्वाचनमा थबाङले भाग लिएको विषयमा निकै होहल्ला गरे। यसैसँग पार्टी नेतृत्व, विचार, कार्यदिशा र कतिपय विषयहरू मसँग पनि जोडेर सिङ्गो पार्टीमाथि विभिन्न कोणबाट प्रहार गरियो । जुनसुकै कोणबाट गरिएको भए पनि यसलाई हाम्रो पार्टी पूर्ण रूपमा खारेज गर्दछ र यी सबै प्रतिक्रान्तिकारी अफवाहहरू प्रतिक्रान्तिकारी हल्ला मात्र हुन् । थबाङलाई क्रान्तिबिमुख बनाउने नियतका साथ यी दुष्प्रचार गरिएका थिए । ती वास्तवमा सत्य थिएनन् । यो थबाङलाई क्रान्तिबाट कटाउने षड्यन्त्र थियो ।

जहाँसम्म थबाङको प्रसङ्ग छ थबाङ हिजोसम्म क्रान्तिको प्रतीकका रूपमा खडा थियो र अहिले पनि छ । कसैले चुनावमा स्वतन्त्र रूपमा भाग लियो भन्दैमा थबाङको क्रान्तिकारी इतिहास मेटिँदैन । थबाङको इतिहास मेटाउन देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरू र सबै प्रतिक्रान्तिकारी तत्वहरू हरहिसाबले सक्रिय छन् । क्रान्तिको प्रतीक ढाल्न जेजे औजार प्रयोग गर्दा हुन्छ त्यही गरे । यसमा सबभन्दा अग्रपङ्क्तिमा दलगत हिसाबले माके (माओवादी केन्द्र) आएको छ। २०७० सालमा शून्य मत बनाएपछि रन्थनिएका साम्राज्यवादका छाउराहरूले त्यसपछि विभिन्न तिकडम गरे । उनीहरूले सिङ्गो सत्ता प्रयोग गरे । विभिन्न गैरसरकारी सङ्घसंस्थामार्फत पसे । उनीहरू यो स्थानीय चुनावसम्म आउँदा यसपटक थबाङको क्रान्तिकारी विरासत ढाल्न सफल भए । चुनावका नाममा साम-दाम-दण्ड-भेदको नीति प्रयोग गरे । नेकपाले यो चुनावको खारेज गरेको मौका छोपी थबाङ गाउँपालिकामा हात हाले । अहिले उनीहरू विकास निर्माणका नाममा थबाङलाई प्रतिक्रान्तिको थलोमा परिणत गर्ने धृष्टता गरिरहेका छन् ।

पछिल्लोपटक उनीहरूले थबाङ गाउँपालिकाको गाउँसभा गर्ने नाममा प्रतिक्रान्तिका नाइके तथा साम्राज्यवादका दलालहरूमा एक नं. प्रतिस्पर्धी प्रचण्ड र उनको पुच्छरमा टँगेर विदेशी दलालहरूलाई रिझाउन कम्मर कसेर लागेका कृष्णबहादुर महराहरू थबाङ जाँदै थिए । त्यो थाहा भएपछि थबाङका जनता र जनसत्ताले उनीहरूको त्यो प्रतिगामी कदम रोक्न गाउँपालिकाका अध्यक्ष वीरबहादुर घर्ती (वियोग) लाई गिरफ्तार गरी सोधपुछका लागि अन्यत्र लगेपछि एकपटक साम्राज्यवादका दलालहरू बौलाए। उनीहरूले जनयुद्धको शाही सेनाको थबाङ अप्रेसन झल्काउने गरी हेलिकोप्टरहरू थबाङको आकाशमा नचाए । २०५२ कात्तिकको रोमियो अप्रेसन सम्झाउने गरी थबाङलाई चारै दिशाबाट सशस्त्र पुलिसले घेरा हाली नाका छेकेर तलासी गरे । २०३८ कात्तिक ५ को पञ्चायती अप्रेसन झल्काउने गरी दर्जनौं सशस्त्र प्रहरीहरू थबाङ गाउँमा नचाइयो । जनता आतङ्कित पारियो । यस घटनाले थबाङको इतिहासमा नयाँ रामकुमारहरू, नयाँ शारदाप्रसाद दाहाल, नयाँ बालाराम घर्ती र नयाँ सूर्यबहादुर थापाहरू नयाँ संस्करणमा उदाएको महसुस भयो र यो दुनियाँले देखे पनि । पछिल्लो चरणमा गिरिजाको स्थान त प्रचण्डले लिएकै छ र शेरबहादुरहरू आफैं उही कुर्सीमा आसीन छन् । यो थबाङको इतिहासमा नयाँ नभएर पुराना सत्ताका नयाँ नाइकेहरूको पुनरागमन भएपछिको उही प्रकृतिको घटनाक्रमको पुनरावृत्ति भएको मात्र हो । अहिलेसम्म यी सबै घटनाक्रमहरूको साक्षी हामी छौं। अतः अहिले थबाङका नयाँ शत्रुहरू नयाँ रूप र अनुहारमा जन्मेका छन् । इतिहास बङ्ग्याउन खोज्ने थबाङका नयाँ दुस्मनहरूबाट नयाँ पुस्ता सावधान हुन जरुरी छ ।

हो, थबाङको इतिहास मेटिएको छैन। थबाङको क्रान्तिकारी इतिहासको निरन्तरतामा केही धक्का लागेको छ। थबाङले यसपालि आफ्नो क्रान्तिकारी विरासत कायम राख्न नसकेको सत्य हो। तर थबाङ ध्वस्त भएको वा सकिएको भने होइन । थबाङले फेरि टुटेको इतिहासको कडी जोड्न केही मेहनत गर्नुपर्ने छ । थबाङ कहीं गएको छैन, जनता कहीं गएका छैनन्, मात्र हाम्रो मेहनत पुगेन, तयारी पुगेन, लामो समय वर्गसङ्घर्षको कडी टुटेको छ। जेनेरेसन टुटेको छ। केही हाम्रा सङ्गठनात्मक कडीहरू टुटेका छन् । विचारमा केही ग्यापिङ छ । बुझाइमा केही ग्यापिङ छ। यी कडीहरूलाई जोड्नेबित्तिकै थबाङ फेरि उठ्नेछ। सुतेको सिंहमाथि स्यालहरूको रजाइँ धेरै दिन टिक्नेछैन । थबाङसँग सिङ्गो नयाँ सत्ता र एकीकृत जनक्रान्ति छ। थबाङसँग सिङ्गो सर्वहारा वर्ग छ । क्रान्तिकारीहरू आत्तिनुपर्ने छैन किनकि क्रान्ति सधैं एकै नासले अघि बढ्दैन। यो जित-हार र उतार-चढावका बीच, ठूलठूला ज्वारभाटा, छाल र लहरका बीच अघि बढ्छ । एकपटक क्रान्तिका नायक भनिने प्रचण्डहरू कसरी प्रतिक्रान्तिका नायक हुँदा रहेछन्, इमानदार नेता भनिने कृष्ण महराहरू कसरी प्रतिक्रान्तिका असली सेवक (पहरेदार) बन्दा रहेछन् ? हिजो थबाङले जे गर्छ त्यही गर्नुपर्छ भन्ने महराहरू आज साम्राज्यवादको टाङमुनि छिरेर थबाङमा भयङ्कर रक्तपातका तानाबाना बुनिरहेकाछन् । यहीँनेर क्रान्तिकारीहरू सावधान हुनुपर्छ। बेलैमा घाँसको हरियो सर्प चिन्न नसक्दा जनता र कार्यकर्ताले नसोचिएको धोका पाइँदो रहेछ। यो हाम्रो जीवनको शिक्षा हो । आज क्रान्तिलाई देउवाहरूद्वारा त्यति खतरा छैन जति भेडाका छाला ओडेर आएका यी नवसंशोधनवादी ब्वाँसाहरूबाट छ। उनीहरू साम्राज्यवादलाई रिझाउन जति खरानी घसिरहेका छन् यो उनीहरूको भद्दा दलालीकरणको नमुना हो।

जहाँसम्म थबाङको क्रान्तिसँगको सम्बन्ध छ यो अटुट छ । थबाङलाई क्रान्तिबाट बिछटाउने, म थबाङको भएको नाताले मलाई थबाङबाट बिछटाउने, कार्यकर्ताबाट बिछटाउने, यता थबाङलाई क्रान्तिकारी विचार र नेतृत्वबाट बिछटाउने र पार्टी नेतृत्वसँग मेरो अन्तरविरोधको भ्रम फिँजाएर एकातिर मेरो बदनाम गराउने, सिध्याउने र अर्कोतिर नेतृत्वसँग अन्तरविरोध हालिदिने यो फुटाऊ र राज गरको प्रतिक्रियावादी नीति हो । थबाङको चुनावको विषयलाई लिएर यो जो गर्न खोजिएको छ यो नियोजित षड्यन्त्र हो । साथै यो पनि पुनः स्मरण गराऊँ- थबाङमा यसपालि शून्य मत भएन तर पार्टीले यो चुनालाई खारेज गरेको छ। यसलाई चुनावको ३ दिनअगाडी असार ११ गते थबाङ गाउँपालिका स्तरको समानान्तर जनसरकार घोषणा गरेर खारेज गरेको छ । पार्टीले चुनाव खारेज गरेपछि माकेको एकलौटी चकचकी सहन नसकेर आएको जनताको नैतिक दबाबका कारण केही साथीहरू जनताको माकेविरोधी आक्रोशको नेतृत्व गर्न स्वतन्त्र उमेदवार उठ्न पुगेको घटनालाई पार्टी नेता र नेतृत्वसँग जोडेर सिङ्गो क्रान्तिमाथि नै प्रहार गर्ने जुन काम भएको छ त्यो आतङ्कित र पराजयको पराकाष्ठा मात्र थियो। साँच्चै पार्टीले चुनावमा भाग लिएको भए थबाङमा के हुन्थ्यो, अर्कै हुन्थ्यो । माकेहरूको स्थिति यो अवस्थामा हुने थिएन। वास्तवमा आधारइलाकाहरूमा माकेको विजय त नेकपाको चुनाव खारेजीको उपहार मात्र हो।

अब आउँछ नेतृत्वको प्रश्न । अहिले एकीकृत जनक्रान्तिको नेतृत्व कमरेड विप्लवले गरिरहनुभएको छ । उहाँको दिमागमा क्रान्ति छ । जनयुद्धकालमा आधारइलाकाको इन्चार्ज हुनुहुन्थ्यो । आधारइलाकाहरूमा जेजति परिवर्तनहरू भए, नयाँ सत्ताका अभ्यासहरू भए, युद्धकालीन जनकम्युनहरू स्थापित भए, कृषि, उद्योग, सामाजिक, सांस्कृतिक रूपमा गाउँसमाजमा रहेको विकृतिविसङ्गति, छुवाछूत हटाउन, शिक्षा, स्वास्थ्य क्षेत्रमा, सामाजिक आचारसंहिताका क्षेत्रमा जनताको जिउधनको सुरक्षामा, विकास निर्माणका क्षेत्रमा, जस्तै नुवागाउँदेखि थबाङसम्मको सहिदमार्ग निर्माण अभियान (प्रचण्ड पार्टी अध्यक्ष भएको हुनाले मात्र ओके गरेको हो, योजना क. विप्लवको थियो। त्यो पनि बाबुराम भट्टराईसँगको तिखो दुई लाइन सङ्घर्षमा उनले विरोध गर्दा यता सेन्टिमेन्ट लिने हिसाबले मात्र विप्लवको प्रस्तावलाई समर्थन गरेको कुराको साक्षी स्वयम् हामी जिउँदै छौं) पछि सरकारमा गएपछि यसलाई दुही खाने गाई बनाए । यसबाट उनीहरूले करोडौं खाए। तीन वर्षमा थबाङमा गाडी पुऱ्याउने कमरेड विप्लवको योजनालाई उनीहरूले जालझेल गरी बल्ल जनदबाबमा एक दशकपछि मात्र यही २०७३ सालमा थबाङमा गाडी पुग्यो। यीलगायतका पार्श्व क्षेत्रमा नयाँ मूल्यमान्यताहरू स्थापित गर्दै क्रान्तिलाई ४ प (पद-प्रतिष्ठा-पैसा र प्रशंसा) सँग साटेर जनयुद्ध (जनमुक्ति सेना, हतियार, सत्ता) बेचिखाने प्रचण्डहरूको क्रान्तिकारी पाखण्डको मुकुण्डो उतार्दै कमरेड विप्लवले रोल्पा, रुकुमबाट सुरु भएको क्रान्तिलाई गन्तव्यसम्म पुऱ्याउने उद्देश्यका साथ जुन झन्डा उचाल्नुभयो, म र हामीजस्ता सम्पूर्ण चीज युद्धमा गुमाउँदै एक मात्र क्रान्तिको बाटोमा होमिएका नेता-कार्यकर्ताको नेतृत्व गर्दै एकीकृत जनक्रान्तिको नयाँ बाटो देखाउनुभयो हामी सहर्ष र निःसर्त उहाँलाई क्रान्तिको नेतृत्व स्वीकार गर्दै आज थबाङमा सम्पन्न आठौं महाधिवेशनसम्म आइपुग्दा हाम्रो नेतृत्व र हाम्रो पार्टी नै अबको नेपालको क्रान्तिको एक मात्र विकल्प बन्न पगेको छ । राष्ट्रियता र जनतन्त्रको प्रश्नमा आज सबै दलालीको होडमा संसदीय व्यवस्थाका पुच्छरमा टँगेर क्रान्तिलाई असम्भव भनिरहेको बेला क. विप्लव र नेकपाले आज संसारभरका क्रान्तिभीरु शक्तिहरूको ध्यानाकर्षण गर्न सफल हुनुभएको छ। प्रचण्डको आत्मसमर्पण, बाबुरामको कम्युनिस्ट आन्दोलनबाटै भएको बहिर्गमन, माओपछिका क्रान्तिका असफलताहरू, साम्राज्यवादको अहिलेको अवस्था र चरित्र, भारतीय विस्तारवादको बदलिएको चरित्र, कम्युनिस्ट आन्दोलन र दर्शनमा विकास, न्यूनतम राजनीतिक कार्यक्रमबारे, कम्युनिस्ट अर्थतन्त्र, कम्युनिस्ट पार्टीको सङ्गठनात्मक सिद्धान्तमा विकास, आधुनिक प्रविधिको विकास, नगर समाजको विकास, नयाँ वर्गविश्लेषण, उत्पीडित जाति र जनजातिहरूबारे सही दृष्टिकोण, सर्वहारा सांस्कृतिक क्रान्ति, महान् स्टालिनको रक्षा आदिबारे क. विप्लवले जुन मान्यताहरूको विकासमा जोड दिनुभएको छ यो अहिलेसम्मका कम्युनिस्ट नेताहरूले नसोचेका नयाँ प्रस्तावनाहरू हुन् । यसर्थ पनि अबको क्रान्तिको नेतृत्व नयाँ पुस्ताले गर्छ भन्नेमा अब कुनै भ्रम छैन। त्यसैले क. विप्लवको यो विचारप्रति पूर्ण सहमत हुँदै प्रचण्डसँगको वैचारिक सङ्घर्षदेखि विद्रोहसम्म र किरणसँगको सम्बन्धविच्छेद हुँदै आठौं महाधिवेशनसम्म आउँदा हाम्रो नेतृत्वले अगाडी सारेका प्रस्थापनाहरू बिल्कुल सही, वैज्ञानिक साबित हुँदै आएका छन् र यसको पछिल्लो आयामका रूपमा स्थानीय निर्वाचनको खारेज पनि हो । अबको सन्दर्भमा संसदीय लोकतन्त्रले बहिष्कारलाई पचाउने सिद्धान्त अपनाएकाले अबको सन्दर्भमा बहिष्कारलाई पनि विकास गर्नु आवश्यक छ। अबको संसदीय व्यवस्थाको सन्दर्भमा खारेजको अवधारणाले मात्र क्रान्तिकारी ओज ओगट्न सक्ने भएकाले नुवाकोटको पार्टी केन्द्रीय समितिको पूर्ण बैठकमा सर्वसम्मतिबाट खारेजी अभियान तय गरेका थियौं । त्यसै पार्टी नीतिलाई देशैभर लागू गऱ्यौं र खारेज अभियानलाई सफलतापूर्वक सम्पन्न गऱ्यौं । यसले एकीकृत जनक्रान्तिको कार्यदिशालाई सही र वैज्ञानिक भएको समेत प्रमाणित गरेको छ। यो स्पिरिटलाई थबाङका जनताले समाउन नसक्दाको घटना मात्र हो। थबाङमा स्थानीय रूपमा काङ्ग्रेस-एमाले नभएको अवस्थामा माके नै मुख्य दुस्मन भएर आएकाले माकेलाई चुनावबाटै खारेज गरी ' मियाँ जुटी मियाँ कि सर पर' को नीति अवलम्बन गर्न पुगे साथीहरूले । जो पार्टी नीतिविपरीत बन्न पुग्यो । यति कुराले थबाङ प्रतिक्रान्तिमा परिणत भएको भन्ने होइन, बरु थबाङले पार्टीनीतिको उचाइ पकड्न नसकेको मात्र हो। यसलाई थबाङले गम्भीरतापूर्वक सच्याउनु पर्दछ । यसलाई पार्टीले फेरि गम्भीरतापूर्वक सच्याउने प्रतिबद्धता गरेको छ।

यी कुराहरूले थबाङ र नेतृत्व एकै ठाउँमा छन्, अलगथलग छैनन् । हिजो पनि क. विप्लव थबाङसँगसँगै हुनुहुन्थ्यो, आज पनि हुनुहुन्छ र भोलि पनि रहिरहनुहुनेछ । थबाङको सहिद स्मृति भवन, सहिद मार्ग, जनकम्युन, मोडेल स्कुलका युद्धकालीन योजनाहरू क. विप्लवकै थिए भने भविष्यमा एक सङ्ग्रहालय र थबाङलााई एउटा नमुना गाउँ बनाउने योजना पनि नेतृत्वसँग छ। यो थबाङको क्रान्तिकारी इतिहासमा आधारित छ । थबाङका जनता र कार्यकर्ता विशेषतः युवा पुस्ताले सोच्नु पर्दछ । साम्राज्यवादका घोषित र अघोषित दलालहरू थबाङलाई क्रान्तिबाट बिछटाउन कथित शान्ति र विकासका नाममा लागिपरेका छन्, तिनको भ्रमबाट मुक्त हुन र सबै थबाङबासी जनता, पार्टीनेता र कार्यकर्तालाई आग्रह गर्दछु किनकि थबाङको सान र मान क्रान्तिमै छ। थबाङी जनताको इज्जत क्रान्तिमै छ। भविष्य पनि क्रान्तिमा मात्र छ। यो मर्म सबैले गहिरो गरी आत्मसाथ गरौं।

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बलराम थापा
जर्मन बेकरी
लेकसाइड, पोखरा, कास्की




"भविश्यको लागि जीवन बीमा गरी निश्चित हुनुहोस् ।"

हाम्रा सेवाहरू

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभसमेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक वात्सल्य, जीवनसाथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान
प्रधान कार्यालय : रामशाहपथ, काठमाडौं
फोन नं. ०१-४२६२६१०, पो.ब. ५२७, फ्याक्स नं. ०१-४२६२६१०
इमेल :bema@wlink.com.np, वेबसाईट : www.beema.com.np



## कम्युनिस्ट स्कुलिङ ...

संश्लेषणलाई एक नयाँ आधार प्रदान गरेको छ।

नेपाली समाजको अहिलेको स्वरूप के हो ? नेपाली जनताको प्रधान अन्तरविरोध कोसँग छ ? यसबारे विचार गर्दा, नेपाली समाजको स्वरूप अर्धसामन्ती तथा अर्धऔपनिवेशिकबाट नवउपनिवेशिक बनिसकेको छ र नेपाली जनताको प्रधानअन्तरविरोध दलाल पुँजीवादसँग रहेको छ । एकातिर नेपाली समाजको यो परिवर्तन र अर्कोतिर उत्तरसाम्राज्यवादको कारण पार्टीले जनवादी कार्यक्रमका केही अंशसहित मूलभूत रूपमा समाजवादी कार्यक्रम तथा रणनीति अघि सारेको छ । अझ त आवश्यकता साम्राज्यवादलाई परास्त गर्न साम्यवादी नीति र कार्यक्रमद्वारा हमला गर्नु पर्नेछ। समाज विकसित छ, विरोधीहरू गतिमा छन्। त्यसैले पुँजीवादको विकल्प पुँजीवाद हुन सक्दैन किनकि जनवाद भनेको राष्ट्रिय पुँजीवाद नै हो । दलाल पुँजीवादको विकल्पमा वैज्ञानिक समाजवाद अगाडी सार्नु उपयुक्त हुन्छ । यहाँ काङ्ग्रेस र माकेले समाजवाद भन्छन् भनेर रिस र चिन्ता मान्ने होइन, बरु हामी कम्युनिस्टहरूले जब सक्कली समाजवाद-वैज्ञानिक समाजवाद अगाडी सार्छौं तब उनको त्यो नक्कली समाजवाद परास्त हुनेछ।

उत्तरसाम्राज्यवाद, एकीकृत जनक्रान्तिको कार्यदिशा, समाजवादी कार्यक्रम र पार्टीको नामसहितलाई लिएर पनि आलोचकहरूले जसरी १०० प्रतिशत विश्वाससहित मालेमावादको विचलन भनिरहेका छन् ठीक त्यसरी नै हामी यसलाई २०० प्रतिशत विश्वाससहित मालेमावादको विकास भनिरहेका छौं किनकि हामीले जनयुद्धमा बगेको रगत, आँसु र पसिनाको मूल्य खोजेका छौं। अधुरो क्रान्ति पूरा गर्न फेरि सहिद हुने कसम खाएका छौं । यसो गर्दा हामीमाथि लगाइएका अवाञ्छित लाञ्छनाको खण्डन गर्न चाहेका छौं र व्यवहारतः प्रमाणित र पुष्टि गर्न चाहेका छौं ।

अन्तिममा, हामीले नेपालमा मालेमावादको विकासको कुरा गरेका छौं । यसका लागि अधुरो नेपाली क्रान्ति एकीकृत जनक्रान्तिद्वारा पूरा गर्ने कुरा गरेका छौं। यो सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले पुष्टि गर्नुपर्दछ । त्यसका लागि स्कुलिङ विभाग क्रियाशील छ।

कुनै पनि विज्ञानको सहज र सरल बाटो हुँदैन। विज्ञानको शिखर पुग्न कठिन बाटो तय गर्नु नै पर्छ । त्यसैले आज हामीलाई नयाँ कार्यशैली चाहिएको छ, यहाँ कार्यशैलीको कुरा गर्दा स्टालिनले रुसी स्पिरिट र अमेरिकी दक्षता मिसाउने कुरा गर्नुभएको थियो। हामीले यहाँ जनयुद्धको स्पिरिट, वर्तमानको दक्षता र अनुकूलता मिसाएर एकीकृत जनक्रान्ति तथा नेपाल कम्युनिस्ट पार्टीको कार्यशैली तय गर्नुपर्दछ । पार्टीको नेतृत्वमा स्कुलिङद्वारा विश्व दृष्टिकोणको समस्या समाधान गर्दै यो नयाँ कार्यशैली अवलम्बन गरेर मात्रै हामी सफलतामा पुग्न सक्छौं ।

# कालीकोटमा स्वास्थ्यशिविर

अखिल क्रान्तिकारी काठमाडौं विश्वविद्यालय क्षेत्रीय समन्वय समितिको आयोजनामा कालीकोट जिल्ला माल्कोटमा ३ दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। शिविरमा माल्कोटसहित आसपासका २ हजार १ सय स्थानीयले स्वास्थ्य सेवा ग्रहण गरेका छन् । शिविर गत भदौ २९, ३० र ३१ गते सम्पन्न भएको जानकारी स्थानीय नरेन्द्र विश्वकर्माले दिएका छन्। जिल्ला जनस्वास्थ्य (धुलिखेल अस्पताल) का वरिष्ठ फिजिसियन डा. रोशन श्रेष्ठ, डा. सानुकृष्ण श्रेष्ठलगायत १८ जना स्वास्थ्यकर्मीको टोलीले सो सेवा उपलब्ध गराएको हो ।

## एकदिने गोष्ठी हुँदै

आगामी कात्तिक १० गते 'सञ्चार र जनपक्षधरताको प्रश्न' विषयक एकदिने गोष्ठी काठमाडौँमा हुने भएको छ । अनिल शर्माद्वारा अवधारणापत्र प्रस्तुत हुने उक्त गोष्ठीमा वरिष्ठ सञ्चारकर्मीहरूले टिप्पणी गर्नेछन् । उक्त कार्यक्रममा उपस्थितिका लागि अनुरोध छ।

**- रातो खबर प्रकाशनगृह**

## सूचना !

रातो खबर प्रकाशनगृहद्वारा आगामी कात्तिक ११, १२ र १३ गते ३ दिने पत्रकारिता तालिम काठमाडौँमा हुँदैछ। इच्छुक सिकारु पत्रकारहरूले असोज मसान्तभित्र सम्पर्क गर्नुहुन अनुरोध छ। तालिम निःशुल्क प्रदान गरिनेछ भने आउने-जाने र बस्ने व्यवस्था आफैँले गर्नुपर्ने छ। इच्छुक प्रशिक्षार्थीहरूले असोज मसान्तसम्म सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**- रातो खबर प्रकाशनगृह**

## आफ्नै सूचना

देशभरिका सबै विक्रेता र विज्ञापन सहजकर्ताहरूलाई पत्रिकाको हिसाब चुक्ता गर्न अनुरोध छ । अन्यथा पत्रिका पठाउन नसकिने व्यहोरा सूचित गरिन्छ ।

व्यवस्थापक:
**रातोखबर प्रकाशन गृह**

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कपिल पाण्डे, बर्दी पौडेल, प्रदिप हमाल
संयुक्त रुट व्यवस्थापन
मुख्य कार्यालय भ.म.न.पा.-३ कमल नगर, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
तारा कुँवर
न्यु चितवन पोल्ट्री फर्म
सम्पर्क ९८५५०५५६२८, भ.न.पा.-१, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोप्राइटर सुरेश कर्माचार्य
द. कैलास लज एण्ड रेस्टुरेन्ट
सम्पर्क नं. ९८४५०४७४३

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वसन्त राना, अध्यक्ष
आवास रियल स्टेट प्रा.लि.
मुख्य कार्यालय, भरतपुर महानगरपालिका-१२, मालपोत चोक, चितवन, ९८५५०५७३६३

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पञ्चकन्या बिल्डर्स प्रा.लि.
पञ्चकन्या आयल स्टोर
बृन्दावन ढुवानी सेवा
सम्पर्क नं. ९८५५०८०७९४, ९८५५०५८४००, ९८४५२१८४६७
मुख्य कार्यालय र.न.पा. जय मंगल भ.म.न.पा.-१२, मालपोत
फोन ९८५५०५७३६३

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
क्याम्पस प्रमुख तथा कर्मचारी परिवार
सप्तगण्डकी बहुमुखी क्याम्पस
सप्तगण्डकी चोक, भरतपुर-१०, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
केशवप्रसाद लामिछाने
संरक्षण निर्माण सेवा
भरतपुर-१२, चितवन, ९८५५०५६६७५

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष, प्रदिप हमाल
ॐ शान्ति माइक्रो व्यवसायी संघ
मुख्य कार्यालय भ.म.न.पा.-३ कमल नगर

शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. शुसिल दवाडी
दवाडी इन्टरप्राइजेज
भ.न.पा.-६, गीतानगर, सम्पर्क नं. ९८५५०८३३०१
न्यु सौगात गेस्ट हाउस
पुल्चोक नारायणगढ, चितवन
सम्पर्क नं. ९८४५४४३३२३, ०५६-५२०४०५

## शुभकामना

विजयादशमी, दीपावली तथा छठ पर्व २०७४ सालको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. चन्द्रमित्र पण्डित
**शिवम इन्टरप्राइजेज**
भ.न.पा.-३, संगम रोड

प्रो. रितु राज अर्याल
**ब्राइट स्टार सेक्युरिटी प्रा. लि.**
भरतपुर-१०, चितवन, सम्पर्क नं. ९८५५०५०३५८

प्रो. युवराज पाण्डे
**फ्रेस चाउमिन**
उत्पादक : रुद्रावती फुड प्रोडक्ट्स
भ.न.पा.-४, छहरी बसपार्क, चितवन
सम्पर्क नं. ९८४५३२२०७२

प्रो. गोबिन्द आचार्य
**मेमोरी बुक्स एण्ड स्टेशनरी**
भ.न.पा.-१०, बिरेन्द्र क्याम्पस चोक
चितवन

दिनेश कट्टेल
**सुर्य पोल्ट्री सप्लायर्स**
रत्ननगर, चितवन
सम्पर्क नं. ९८५५०६२७९५

सन्तलाल गुरुङ
**वेलकम पार्टी प्यालेस**
सम्पर्क नं. ९८५५०६५९०३
भ.न.पा.-९, हाकिम चोक, चितवन

## शुभकामना

विजयादशमी, दीपावली तथा छठ पर्व २०७४ सालको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. भगत प्रसाद पौडेल
**भगत साइकल सेन्टर**
भ.न.पा.-३, संगम रोड,
सम्पर्क नं : ९८५५०५३४७३

प्रो. रितु राज अर्याल
**भेटघाट रेस्टुरेन्ट**
सहिदचोक, नारायणगढ, चितवन

प्रो. रुद्रहरि भण्डारी
**सुफथ स-मिल**
विकासचोक, भ.म.न.पा. ७, चितवन
सम्पर्क नं. : ९८५५०५५०१०

प्रो. ज्ञानेन्द्र क्षेत्री चापागाई
**कान्तिपुर इन्टरप्राइजेज कार एण्ड डेकोर**
सम्पर्क नं. ९८४९११०५२४
भ.न.पा.-१०, एअरपोर्ट रोड, चितवन

## शुभकामना

२०७४ सालको विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ए.आई. सेकेन्डरी स्कुल**
सतुंगल, काठमाडौं

## शुभकामना

२०७४ सालको विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा.लि.**
रानीबारी, गोंगबु, काठमाडौं

## हार्दिक आमन्त्रण

श्री ..............................

दसैं, दीपावली, छठ तथा नेपाल सम्वत्को अवसरमा हुन गइरहेको चियापान तथा भेटघाट कार्यक्रम एवम् **क. झनक श्रेष्ठ** र **क. विपना ओली**का बीचमा हुन गइरहेको **शुभ-विवाह** कार्यक्रममा यहाँको उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**

मिति : २०७४ असोज ७
समय : बिहान १० बजे
स्थान : मेरीगोल्ड ब्याङ्क्वेट, ग्रिनल्याण्ड चोक (टोखा रोड)
सम्पर्क : ९८६१७२०८२९३

रातोखबर प्रकाशन गृह

सबै आफन्तजन र मित्रहरूलाई निमन्त्रणा पठाइसकेका छौं । कुनै कारणबस निमन्त्रणा नपुगेको भए यसैलाई आधार मानी कार्यक्रममा पाल्नुहुन सविनय अनुरोध गर्दछौं ।

**रातोखबर प्रकाशन गृह**

# सच्चा क्रान्तिकारीहरू एकताबद्ध हुन जरुरी छ


झपेन्द्रराज बैद्य

आजको विकसित तथा पेचिलो अवस्थामा कुनै पनि कम्युनिस्टको समूह सानो चुलो चौकोमा सिमित रहेर खोपिको देवता बन्न खोज्नु अभिधूतवादी धारणा हो । क्रान्तिको नाममा सिन्को नभाँच्नु, प्रतिक्रियावादीलाई सहयोग र समर्थन गरेको कुरा हो । अब इतिहासले कसैलाई पनि प्रतिक्षा गर्न सक्दैन । मानिसको छोटो जीवनमा क्रान्तिलाई एक शताब्दीपछि सार्नु संशोधनवाद हो मार्क्सवाद, लेलिनवादको भजन गाउनु र पाठ गर्नु हो । मानौं पुनर्जीवनमा स्वर्गमा रमाएर बस्न पाइन्छ । यो अभिधूतवादी मार्क्सवादी पण्डितको कुरा हो । क्रान्तिकारीको होइन । अरुले क्रान्ति गरिदिए क्रान्ति हुने तर आफ्नो पहलमा क्रान्ति गर्न थरथरकाम्ने । अरुले क्रान्ति गरे त्यसको खुट्टा काट्ने प्रवृत्ति । अरुको नेतृत्व नसहने तर आफूले पनि गर्न नसक्ने । नसक्नेलाई सक्दैन भने पनि हुन्छ । संशोधनवादी ख्रुश्चेभ र गोर्वाचोभले अब क्रान्ति गर्न सकिदैन भनिदिएँ । त्यस्तै नेपालको सन्दर्भमा पनि एमाले समूहले क्रान्ति गर्न सकिदैन । संसदीय बाटो ठीक छ भनेको छ । राजतन्त्र समाप्त पार्ने कुरामा पनि बयलगाडामा चढेर अमेरिकाको यात्रा गर्न सकिदैन भनेको थियो । राजतन्त्र रूपमा त समाप्त भएको हो तर एउटा राजाको ठाउँमा तीनवटा राजा भए । बाँडीचुँडी खाने काममा तीनवटै पार्टीका नेता मिलेका हुन्छन् । माओवादी केन्द्रका नेता प्रचण्डले पनि अब क्रान्ति हुँदैन भनेर क्रान्तिको बाटो बन्द गरिदिएभने क्रान्ति गर्न सकिदैंन भने जनतालाई किन ढाँटने ? सक्दैन भन्नुपर्छ । अल्लमल्लमा पार्न भएन भन्ने हो ।

सन्दर्भ हो, जडसूत्रवाद र बिसर्जनवाद । कसैले पनि म जडसूत्रवादी र विसर्जनवादी हुँ भनेर भन्दैन । माकेको प्रचण्ड समूहले पनि आफूलाई विसर्जनवादी भनेका छैनन् । यो व्यबहार र क्रान्तिको गतिले थाहा पाउने कुरा हो । शोषक र भ्रष्टाचारीलाई कब्जा गरेर दण्ड सजाय दिनसक्नु अवश्यनै क्रान्ति हो । यो कुरा लाटाले पनि बुझ्दछ । २०७२ सालमा संविधानसभा बहिष्कार भयो भने त्यही संविधानसभाले तय गरेको निर्वाचनमा भाग लिने वा नलिने ? भाग लिने वा नलिने कुरा मात्र होइन २०७४ को निर्वाचन त कार्यान्वयन गर्ने पक्षसँग सम्बन्धित छ । त्यही संविधानलाई कालो भनेर जलाइन्छ फेरि एक वर्षपछि आफैले धुलोमा मिल्काएको संबिधानलाई टकटकाएर झोलामा राखिन्छ । हो, सधैभरि निरपेक्ष बहिष्कार गर्नु ठीक हुँदैन । ठोस परिस्थितिको ठोस मूल्याङ्कन गर्नुपर्छ । तर एउटै सन्दर्भमा एउटै बिषयमा लागू गर्ने प्रश्नमा त्यही संविधानलाई सहयोग र समर्थन गर्नु कहाँसम्म सही कुरा हो ? प्रतिपक्षले बहिष्कार गऱ्यो । हामी उल्टो जानुपर्छ । उसले बहिष्कार गर्छ भने हामीले उपयोगको नाममा भाग लिनुपर्छ हाम्रो सुरक्षाको प्रश्न पनि छ भनेर च्यातचुत गरेर बाटामा फालेको संविधानको एक-एक टुक्रालाई टिपेर जोडिन्छ भने भाग लिनेको दोष हो वा बहिष्कार गर्नेको ? यस अवस्थामा भाग लिनु सोह्रैआना सरकार को सहयोग र समर्थन हो । 'जो चोर उसैको ठूलो स्वर' भनेको यही हो । जसले जोखिम मोलेको छ । जसका सयौं कार्यकर्ताहरू जेल जीवन बिताइरहेका छन् भने त्यो पार्टी क्रान्तिकारी हो कि प्रतिक्रान्तिकारी ? यो हाँस्यास्पद कुरा छ । 'जुन गोरुको सिङ् छैन उसको नाम तिखे' भनेको यही हो ।

मोहन वैद्य किरणको एउटा प्रसङ्ग – मैले भन्ने गर्छु क. किरण नेपालको सन्दर्भमा एउटा निष्ठावान कम्युनिस्ट इतिहासका धरोहर हुन् । उनी सर्वहारा वर्गीय इमानदार नेता हुन् । उनको स्वार्थ भनेको पार्टी र क्रान्ति हो । तर उनी अहिले वामपन्थी अवसरवादी भासमा परेको महशुस हुन्छ । यसबाट उम्केर उनले क्रान्तिलाई सहयोग र समर्थन गर्नुपर्छ । आफ्नो गौरवपूर्ण इतिहासलाई कायम राख्न नेपाली क्रान्तिको नेतृत्व गर्नुपर्छ । अन्यथा एकादेशको कथा हुने छ ।

कुनै पनि विषयको एउटा हद हुन्छ, सीमा हुन्छ । जहाँसम्म ने.क.पा. विप्लव माओवादीको (मालेमावादको आदर्श मानेकोले माओवादी) आठौं अधिवेशनको कुरा छ त्यसको अहिले समीक्षा गर्न चाहँदैन मैले । मोहन वैद्य किरणले गरेको आलोचना हेर्दा एक दुई कुरा गर्न मन लागेर आयो । सर्व प्रथम उत्तर साम्राज्यवादको कुरा । यहाँ कला जनताको लागि नभएर अथवा भनौं कला रूपान्तरणको लागि नभएर कलाकलाको लागि भएको छ । आलोचना आलोचनाको लागि मात्र । मानौं केही भन्नुनै पर्छ। बाङ्गो टिङ्गो पार्नु नै पर्छ । अन्यथा आफ्नो पार्टी समाप्त हुन्छ । आफ्नो पार्टीबाट रामबहादुरजीहरू गए । बिचबिचमा पहिरो गएको गएको गयै छ । पार्टीको रक्षाको लागि पनि खण्डन गर्नु नै पर्छ । मेरो बुझाइमा उत्तरसाम्राज्यवाद भन्नु साम्राज्यवाद सकियो भन्नु होइन । अझ बढेको छ भन्नु हो । साम्राज्यवादको एकाधिकार त छ तर सबै मिलेर एकाधिकार बनेको छ । पहिले एउटैले खान्थे अहिले तिमीले पनि अलिअलि खाऊ मैले बाँकी सबै खान्छु भन्ने हो । अहिले चेक एण्ड ब्यालेन्सको अवस्था छ । उत्तर कोरियाको वाक युद्धको सन्दर्भमा उत्तरकोरियालाई चीन र रुसले साथ र समर्थन दिएको अवस्था छ । यस्तै अमेरीकासँग जापान र फ्रान्स रहेका छन् । अहिले बिग सेभन राष्ट्र विभाजित अवस्थामा छन् । यसैले १०० बर्ष पहिलेको साम्राज्यवाद जस्तो अहिले छैन । अझ विकसित रूपमा छ भनेको हो । सही कुरालाई तोडमोड गरेर मेरो गोरुको बाह्रै टक्का भनेजस्तै गरिएको छ । मार्क्सवाद सिर्जनशील छ । जडसूत्र होइन । कैयौं परिवर्तन भैरहेका हुन्छन् । तर यसो भन्दैमा आधारभूत मार्क्सवादी सिद्धान्तलाई छोडनु हुँदैन । त्यो हो वर्ग सङ्घर्ष, बल प्रयोग, तीन जादुगरी हतियार, दुईलाइन संघर्ष जुन पार्टीको आत्मा पनि हो । सम्मेलनले जनयुद्धको जगमा विद्रोह भन्ने पास गर्छ तर खै, त्यो कहाँ गयो ? संसदीय भासमा ? खै ! जनवादी केन्द्रीयता ? जनवादलाई छाडेर केन्द्रियता लाद्नु भनेको सम्मेलनमा सहभागीहरूलाई भेडा बाख्रा बनाउनु हो । साहित्यिक क्षेत्रमा पनि उत्तरआधुनिकतावाद भनिन्छ । यो आधुनिकताबाट विकसित भएको हो । यो आधुनिकताकै विस्तार र निरन्तरता हो । उत्तर आधुनिकवादलाई अस्थिरता र विनिर्माण -(भत्काइ) सँग सम्बद्ध संबृति भनिन्छ । यस्तै राजनैतिक क्षेत्रमा पनि उत्तर साम्राज्यवाद भनेको साम्राज्यवादको विकसित अवस्था हो । साम्राज्यवादको विलय होइन । उत्तरसाम्राज्यवाद अमेरिकी नेतृत्वमा हाबी भएको छ भन्नु कहीं राजनैतिक विचलन हुन्छ ? 'कहीं नभएको जात्रा हाँडी गाउँमा' हावीभएको छ नभनेर अरुको अधिनस्थ छ भनेर आत्मसमर्पण गर्ने कुरा त भएन नि ! समाजवादी राज्य छैनन् तर समाजवादी शक्ति छन् । समाजवादको लक्ष्य राखेर लड्ने राज्यहरू छन् । साम्राज्यवाद वा भनौं उत्तरसाम्राज्यवादबीच अन्तरविरोध छ । उत्पीडित राज्य र उत्तरसाम्राज्यवाद बीचको अन्तरविरोध छ । दलाल पुँजीपति र जनताबीच अन्तरविरोध छ । वर्गीय समाजमा अन्तरविरोध नभएर वर्ग समन्वय हुँदैन । नेपालमा जमानाअनुसार पुँजिको विकास भैरहेको छ । यसले श्रमजीवीको हकअधिकार खोसिरहेको छ । तर मजदुर आन्दोलन बेला-बेलामा भए पनि यसले गति लिन सकेको छैन । विपरितहरूको एकत्वको सार्वभौम सिद्धान्त छ । यो प्रकृतिमा पनि देखिन्छ । इलेक्ट्रोन न्युट्रोन र अन्य नयाँ शुक्ष्म तत्वको एकत्वले नयाँ शक्ति उत्पन्न गर्छ । यी सबै तर्कको तर्कका लागि गरिएका कुरा हुन् । विप्लवले चुनावमा भाग लिएको भए अब विप्लव हारथाक भयो । संसदीय भासमा गयो। अब बिप्लव सत्ताको साझेदारीमा जान्छ भनिन्थ्यो होला । नखादै ....... खाएमा त बनबासै गरायो भन्ने हुन्थ्यो होला ।

यहाँ पंक्तिकारको चिन्ता क्रान्ति र परिवर्तन हो । कुनै पूर्वाग्रह होइन । यो र त्यो को नाममा क्रान्तिबाट पछि नहटौं भन्ने चिन्ता हो । अब सबै क्रान्तिकारी कम्युनिस्टहरूको पार्टी एकीकरण हुनु आवश्यक छ । देशभक्त, वामपन्थी र सामन्तवाद, साम्राज्यवाद विरोधी शक्तिले कार्यगत एकता गरेर हरेक कोणबाट क्रान्ति गर्नुपर्छ । मैले बुझेको एकीकृत जनक्रान्ति पनि यही हो ।

# थारु समुदायले मनायो जितिया पर्व



■ रातोखबर संवाददाता/काठमाडौं

खस समुदायको तीजजस्तै ठानिने पर्व जितिया बुधबार थारू, मिथिलालगायत समुदायले उल्लासपूर्वक मनाएका छन् । जिमुतवाहन नामका पौराणिक राजाको पूजन गरिने यो पर्वका दिन महिलाहरू सन्तानको दीर्घायु, आरोग्य, सुख र परिवारको शान्तिका लागि व्रत बस्छन् । तीजमा खस महिलाजस्तै यो समुदायका महिला एक महिना अघिदेखि आआफ्नो टोलमा साँझ झाम्टा पार्छन् । सबै उमेरसमूहका नारीहरू सेतो पहिरन, हसुली लगाएर गोलाकारमा सामूहिक नृत्य गर्छन् । पर्वको दिन झाम्टा पार्दै टोलटोल घुम्छन् । घरमा उनीहरूलाई रकम, फलफूल, प्रसाद दिइन्छ । यो पुरानो परम्परा घट्दै गएको चितवन, झुवानीकी फूलमती महतो बताउँछिन् ।

जितिया पर्वको उदयका विभिन्न पौराणिक कथाहरू छन् । एउटा कथामा पार्वतीले एक दिन महादेवलाई 'मान्छे नमर्ने कुनै उपाय छैन' भनेर सोधिछिन् । महादेवले 'जितिया' व्रत गरे दीर्घायु हुने बताएपछि पार्वतीले जितिया व्रतको चलन चलाएको किंवदन्ती छ । अर्को किंवदन्तीअनुसार राजा जिमुतवाहन राज्यमा घुम्दै गर्दा गरुडले ८ छोरा खाइसकेको र नवौं सन्तान पनि खाने त्रासले रोइरहेको थाहा पाए । ती नारीको नवौं बच्चा जन्मनासाथ गरुड आएर लैजान खोज्दा राजा आएर बरु मलाई लग, यो नारीलाई पीडा नदेऊ भनेछन् । राजाको प्रजाप्रेम र बलिदानी भावनाबाट गरुड प्रभावित भएर नवौं बच्चा छोडेर मात्र गएन, पहिलेका ८ छोरालाई पनि ब्युँताइदिएछ । तिनै प्रतापी राजाको सम्मान र सन्तानको दीर्घायुका लागि जितिया पर्व मनाउने गरिएको हो ।

# प्रलेसको ६५ औँ वार्षिकोत्सव मनाइँदै

■ रातोखबर संवाददाता

काठमाडौं । २००९ सालमा स्थापना भएको सामन्तवाद तथा साम्राज्यवादविरोधी शक्तिहरूको साझा मोर्चा प्रगतिशील लेखक सङ्घको ६५ औं वार्षिकोत्सव मनाइँदैछ । मार्क्सवादी चिन्तक तथा सौन्दर्यशास्त्री मोहन वैद्य 'किरण' को प्रमुख आतिथ्य रहने काठमाडौंमा अवस्थित पर्यटन बोर्डको सभाकक्षमा दिनको ठीक १२.३० बजे हुने बताइएको छ । उक्त कार्यक्रममा पुरस्कार संस्कृतिसम्बन्धी अमर गिरीले कार्यपत्र प्रस्तुत गर्ने र सो कार्यपत्रमाथि आहुति, श्रवण मुकारुङ र गोविन्द आचार्यले टिप्पणी गर्नुहुने जानकारी पनि प्रलेस केन्द्रीय कार्यालयले जानकारी दिएको छ ।

प्रलेसको ६५ औं वार्षिकोत्सवको सन्दर्भमा प्रलेस प्रतिभा पुरस्कार २०७४ हस्तान्तरण गरिने कुरा पनि बताइएको छ । केही समयअघि मात्र प्रगतिशील लेखक सङ्घले यस वर्षको ' प्रलेस प्रतिभा पुरस्कार युवाकवि केशव सिलवाललाई दिने निर्णय गरेको थियो । 'वर्जित अवशेष' र 'धारिला मानिसहरू' कवितासंग्रहका स्रष्टा ललितपुर लेले निवासी सिलवाल साहित्यिक पत्रकारिता र संस्थामा पनि आबद्ध छन् । पुरस्कार चयनका लागि प्रलेस उपाध्यक्ष खेम थपलियाको संयोजकत्वमा सचिव प्रकाश सिलवाल र सचिवालय सदस्य आरसी न्यौपाने सदस्य रहेको समिति गठन गरेको थियो । सोही समितिको सिफारिसलाई सचिवालयको बैठकले अनुमोदन गरेको थियो । सो पुरस्कारको राशि १० हजार रूपैयाँ र प्रमाणपत्र रहेको छ ।

प्रगतिशील लेखक सङ्घका पूर्वअध्यक्ष आनन्ददेव भट्टद्वारा प्रदान गरएको एक लाखको अक्षयकोषबाट प्रलेस स्थापना दिवसका दिन हरेक वर्ष असोज ५ गते सो पुरस्कार प्रदान गर्ने गरिन्छ ।

# नेता–कार्यकर्ताको रिहाई को माग गर्दै सरकारी सवारीमाथि नेकपाको आक्रमण



■ आस तमु/पोखरा

नेपाल कम्युनिस्ट पार्टी कास्कीले आफ्ना नेता कास्की सचिव नन्दप्रसाद तिवारी जगनलगायत आफ्ना कार्यकर्ताहरूको रिहाईको माग गर्दै सरकारी सवारी साधनमाथी तोडफोड गरेका छन् । पोखरा लेखनाथ मानपास्थित रत्न चोकमा बा १ झ नम्बरको सवारीमा नेकपाका कार्यकर्ताहरूले तोडफोड गरेका हुन् । पोखरा सस्तोबजारमा सिलिन्डर बम राखेको अभियोगमा केही दिन अघि देखि प्रहरीले कास्की सचिव जगनप्रसाद तिवारी लगायत केही कार्यकर्ता र बजारका व्यापारीहरूलाई विष्पोटक प्रदाथ ओसार पोसार एन अन्तरर्गत मुद्दा चलाएको छ ।

केही दिन अघि नेकपा गण्डकले सस्तो बजारमा राखेको बम आफ्नो पार्टीले नराखेको र आफ्ना नेता कार्यकर्तालाई झुटा मुद्दा लगाएको भनी पहिलो चरण अन्तर्गत सरकारी सवारी साधन माथी रोक लगाएको थियो।

## कविता

# एक हुल मान्छे


सुरेश सुवेदी

एक हुल मान्छे
पोहोर पनि बाकस लिएर आए
बाकस भरेर पनि गए
फेरी यसपाली पनि आए
अघिपछि बन्दुक र लाठी बोकेका
मान्छे लिएर आए

बुझ्ने भएदेखि यो दृष्य देखिरहेकै छु
सपनाका गुलिया मन्द विष पिलाएर
बाकस भर्न लाएपछि
उनीहरूको यो खेल सकिन्छ ।
खेल सकिएसँगै
अस्मिता लुटिएको एउटा परी झैं
हाम्रा मनहरू लुटिन्छन्
खुशीका उल्लासमा रम्ने आभाहरू खोसिन्छन्
बर्सौंदेखि खोसिए खोसिँदैछन्
खोसेर रमाउने हुलका विरुद्ध
आवाज निकाल्नेहरूलाई
तिनै लाठी बन्दुकहरूले कैद गरे
कैद गरेर भरेका बाकसहरू
खोलिन्छन्, गनिन्छन् जीत हारका
फरमान जारी हुन्छन्

बर्सौंदेखि भोका, नाङ्गा
आत्माहरूलाई
विषालु सर्पले डसेझैं
डस्दै उनीहरूको अस्थिपञ्जर
बनाइन्छ
अस्थिपञ्जरको अत्तोपहारलाई
सोकेसमा सजाएर
विश्व बजारमा पठाइन्छ
दातृ निकायका डलर साटिन्छ
साटिएका डलरसँगै
जितको फर्मान सुनिनेहरूको
उल्लासमय रङ्गीन भोजहरूले शहर गुञ्जिन्छ

मन खोक्रो बन्छ तन रित्तिन्छ
तिनीहरूले बनाएको जाली तमसुकले
आफू लुटिएको थाहा पाएपछि
विद्रोहका स्वरहरू गुञ्जिन्छन्
उज्यालाका निमित्त मसालहरू बल्छन्
उज्यालोको खोजिमा जुनकिरी झैं
त्यो अत्तेपहार निस्कन्छ लमकन्छ
जलाउँछ उनीहरूको स्वर्गे
भत्काउँछ उनीहरूको महल
बर्सौंदेखि जाली तमसुकमा सही
छाप गर्न लगाएर
इन्क्लाब गर्छ ।

## वी.पी. अस्पताल ...

छ । एकता समाजका संरक्षक सन्दीप श्रेष्ठले ' बीपीमा भएको अनियमितता र हस्तक्षेपका विरुद्ध अख्तियारले कारबाहीप्रक्रिया अगाडी नबढाए धराने जनता आफैं अघि सर्ने र यसप्रकारका हस्तक्षेपको सधैं विरोध गरिरहने' बताएका छन् ।

## आयल निगम ...

बनाउने, सचिव नियुक्त गर्ने, जग्गा खरिद बिक्री गर्ने, बोलपत्र आह्वान गर्नेजस्ता कामहरूमा दीपक मलहोत्रा, क्याप्टेन रामेश्वर थापाजस्ता दलाल व्यापारी र कमिशनखोरहरूको लामो र योजनाबद्ध खेल चल्दै आएको छ। त्यसैको पछिल्लो कडी हो, आयल निगमको जग्गा खरिद प्रकरण। जसको बारेमा हामीले निरन्तर नागरिकलाई सुसूचित गर्दै आएका छौं।

आयल निगम भ्रष्टाचारको पछिल्लो नमुना जग्गा खरिद प्रकरणमा खड्कासहित स्थानीय प्रशासन र बिचौलियासमेत संलग्न छन् । उक्त काण्डका सबै मतियारलाई न्यायिक प्रक्रियाभित्र ल्याउन आवश्यक छ । सञ्चार क्षेत्र र नागरिक समाजले त्यसका लागि विश्राम नलिईकन दबाब जारी राख्नुपर्छ । सरोकारवाला निकायले ख्याल गर्नुपर्ने विषय के हो भने भ्रष्ट तत्वहरूलाई कारबाही गरिएन भने जनता वा जनपक्षधर शक्तिहरू भलै कानुनले अनुमति नदिए पनि सडकबाटै निशाना लगाउन बाध्य हुनेछन्। कानुनको पालना राज्यले गर्दैन भने नागरिकले टुलुटुलु हेरेर देशलाई टाट पल्टिन दिन सक्दैनन्।

## भ्रष्टहरू नेकपाको ...

काभ्रेबाट प्राप्त समाचारअनुसार जिल्लाको पनौती नपास्थित रोशी खोलामा अवैध ढङ्गले प्राकृतिक स्रोतसाधन कब्जा गरी ढुङ्गाखानी सञ्चालन गर्दै आएको डायमन्ड रोडाढुङ्गा खानीद्वारा सञ्चालित दुईवटा एस्काभेटरमाथि सोमबार आगो लगाइएको छ। व्यापक गुन्डागर्दीको आडमा प्राकृतिक स्रोतसाधनमाथि भइरहेको दोहन रोक्न र करोडौंको राजस्व छली गर्नेहरूमाथि यथाशीघ्र कारबाही गर्न जनदबाब आएपछि उक्त कारबाही गरिएको नेकपा काभ्रेले जनाएको छ। प्रशासनको आडमा मासिक करोडौं राजस्व छली हुँदासमेत राज्यपक्ष मौन रहेको, पहाडहरूको प्राकृतिक संरचनाहरूको अस्तित्व नै नामेट हुने गरी ढुङ्गाखानी सञ्चालन भएको, हजारौं जनता गाउँघर छाडी पलायन हुनुपर्ने अवस्था उत्पन्न भएको, खोलाको पानी प्रदूषित भई गाईबस्तुले खानसमेत नहुने भएको र प्राकृतिक पर्यावरणमा गम्भीर असर परेकाले कारबाही गर्नुपरेको नेकपाले जनाएको छ।

जनपरिषद् रूपन्देहीले सोमबार सिद्धार्थनगर नगरपालिका भैरहवाका इन्जिनियर शैलेन्द्र श्रेष्ठलाई भ्रष्टाचार तथा अनियमितता गरेको आरोपमा उनकै कार्यकक्षमा कालोमोसो दलेको समाचा रूपन्देही संवाददाताले सम्प्रेषण गरेको समाचारमा उल्लेख छ।

गुल्मी जनपरिषद्ले जिल्ला समन्वय समिति गुल्मीका लेखा अधिकृत प्रेम भण्डारीलाई सोमबार कार्यकक्षमै कालोमोसो दलेको जानकारी प्राप्त भएको छ । उपभोक्ता समिति र कर्मचारीबाट कमिसन लिएको, जिविसका कर्मचारीको सञ्चयकोष अपचलन गरेको, भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाएको, राजनीतिक आवरणमा जिविसमा दादागिरी गरेको र परिवारका नाममा ठेक्कापट्टाको लाइसेन्स लिएर कमिसन लिने गरेकाले जनकारबाही गरिएको जनसत्ताद्वारा प्रकाशित पर्चामा उल्लेख छ।

नेकपा चितवनले आइतबार बिहान रत्ननगर नगरपालिकाका वरिष्ठ इन्जिनियर प्रकाश ढुङ्गानालाई कारबाही गरेको छ । नेकपाका कार्यकर्ताले ढुङ्गानालाई कार्यालय परिसरमै कालोमोसो र जुत्ताको माला लगाएका हुन्। प्रकाश ढुङ्गानालाई कारबाही गर्नुका कारणहरू खुलाउँदै उनीहरूले पर्चासमेत छरेका थिए। घटनास्थलमा नेकपाले छरेको पर्चामा उनलाई भ्रष्टाचारको आरोप लगाइएको उल्लेख छ।

लमजुङ जनपरिषद्ले मध्यनेपाल नगरपालिका ४ (साबिक रम्घा ७) स्थित बगैंचास्थानमा लेखनाथ अधिकारीको जग्गा कब्जा गरेको छ । आइतबार प्रेसविज्ञप्तिमार्फत परिषद्ले उक्त खुलासा गरेको हो। लेखनाथ अधिकारीले तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य, जिल्ला पञ्चायत सभापति हुँदा शक्तिको चरम दुरूपयोग गरी त्यस क्षेत्रको करिब ४२ रोपनी जग्गाको स्वामित्व आफू र एकाघरका सदस्यहरूका नाममा अवैधानिक तवरबाट दर्ता कायम गरेको आरोप जनसत्ताले लगाएको बताइएको छ।

कर फर्स्योट आयोगका पूर्वप्रमुख चूडामणि शर्माको निवास काठमाडौं बूढानीलकण्ठस्थित घरमा आइतबार राति १२:३५ बजे बम विस्फोट भएको छ। बम विस्फोटका कारण शर्माको निवासमा आगो लागेको र भवनमा सामान्य क्षति भएको छ। शर्मा केही समयअघि मात्र राजस्व छली तथा भ्रष्टाचारको आरोपमा अख्तियारको हिरासतबाट तारेखमा रिहा भएका थिए । घटनामा मानवीय क्षति भने भएको छैन।

शुक्रबार नेकपा निकट अखिल (क्रान्तिकारी) नुवाकोटले दुप्चेश्वर गाउँपालिकास्थित इन्द्रेणी प्राविे घ्याङफेदी ६ सिसिपुका शिक्षक रामकृष्ण श्रेष्ठलाई कालोमोसो दलेको छ । विद्यालयमा नगई घरमै बसेर तलब तथा अन्य सुविधा खाएर राज्यकोषको दुरूपयोग गरेको र चेली बेचबिखनमा संलग्न रहेकाले चेतावनीस्वरूप कालोमोसो दलेको अखिल (क्रान्तिकारी) नुवाकोटका अध्यक्ष प्रपोजल शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

नवलपरासीबाट प्राप्त समाचारअनुसार नवलपरासी जनपरिषद्ले कावासोती मालपोत अधिकृत खगेन्द्रराज घिमिरेलाई बिहीबार कार्यकक्षमै गएर कालोमोसो दलेको छ । कारबाही स्थलमा उनीहरूले मालपोत अधिकृत घिमिरेलाई कारबाही गर्नुका कारणहरू खुलाउँदै पर्चासमेत छरेका छन् । स्थानीयको व्यापक मात्रामा गुनासो र उजुरी आएपछि कारबाही गरिएको जनपरिषद्द्वारा प्रकाशित पर्चामा उल्लेख छ।

## सर्लाहीमा गोली ...

थियो। स्थानीयहरू कोही घरभित्र पसेका थिए भने कोही लुकेर हेर्दै थिए।' हरिऔन नगरपालिका विलन्दी प्रा.वि.मा रहेको मतदान केन्द्रको मतपेटिका बोकेको सवारी साधनमा बम विस्फोट भएपछि एकजना प्रत्यक्षदर्शीको बयान हो यो । बिलन्दी प्रा.वि.को मतदान केन्द्रबाट मतपेटिका बोकेर नगरपालिकाको कार्यालयतर्फ जाँदै गरेको गाडीमा उक्त विष्फोट भएको हो । विष्फोटको कारण गाडी क्षतिग्रस्त भएको छ। विस्फोटपछि प्रहरीले निकैबेर फायरिङ गरेको थियो भने घटनास्थलमा व्यापक प्रहरी परिचालन गरेको थियो। सोमबार साँझ भएको उक्त बम विस्फोटपछि नेपाली सेनाको हेलिकप्टरले हवाई गस्तीसमेत गरेको थियो। केही व्यक्ति घाइते भएको बताइए पनि अन्य मानवीय क्षति नभएको सर्लाही प्रजिअले बताएका छन् । बम विस्फोटको जिम्मा कसैले लिएको छैन। तर प्रहरी स्रोत भन्छ- 'नेकपाका कार्यकर्ताहरू चुनाव खारेजी अभियानमा रहेकोले यस्ता प्रकृतिका विस्फोटनमा उनीहरूको कुनै न कुनै भूमिका हुन सक्छ।' हरिऔन तनावग्रस्त भएपछि त्यहाँ रोचक प्रसङ्ग के थियो भने नेपाली सेना र प्रहरीले जमिनमा छरिएका मतपेटिका संकलन गरेर बोक्न मानेनन् । पछि स्थानीयहरूलाई घरघरबाट बोलाएर मतपेटिका बोक्न लगाइयो। उक्त मटपेटिका सुरक्षाको लागि मतगणना केन्द्र पुऱ्याउने बेलासम्म सेना र प्रहरीले भित्री र बाहिरी घेरा बनाए भने आकाशमा सैनिक हेलिकप्टरको गस्ती जारी राखियो।

## प्रदेश नं. २ ...

वटा जिल्लाहरू पर्ने पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरीमा व्यापक रूपमा मशाल जुलुस र सयौं विस्फोटनहरू भएका छन् । अर्कोतिर अहिलेसम्म नेकपाका २ दर्जनभन्दा बढी नेता कार्यकर्ताहरू गिरफ्तार गरिएका छन्। नेकपाका केन्द्रीय सदस्य देवनारायण साह, जनकपुर ब्युरो कार्यालय सचिव राजु कार्की, सिरहा इन्चार्ज लक्ष्मण पौडेल, धनुषाका सेक्रेटरी पवन महतोसहित २७ जना नेकपाका नेता-कार्यकर्ताहरू पक्राउ परेका छन् । यस्तै चुनाव खारेजी अभियानको समाचार संकलन गर्न विरगन्ज पुगेका पत्रकार सुदर्शन पाण्डे र निर्वाचन अनुगमन पर्यवेक्षक अनुमति लिएर हिडेका मानवअधिकारकर्मी होमप्रसाद गौतमसमेत प्रशासनको निशानामा परेका छन्। आफ्ना नेता तथा कार्यकर्ता पक्राउको विषयलाई लिएर नेकपाका पूर्वी कमाण्ड इन्चार्ज सुदर्शनले विनाशर्त आफ्ना पक्राउ गरिएका नेता कार्यकर्ताहरूलाई नछोडिए जवाफी कावाही गर्ने बताएका छन् । दुई नम्बर प्रदेशमा भएका सम्पूर्ण विष्फोटन र कार्वाहीहरूको जिम्मा त लिदैनन् तर नेकपाका नेता पौडेल थप भन्छन्- 'चुनाव खारेज हाम्रो राजनैतिक अभियान हो तर हामीमाथि दमन र धरपकट गरिएपछि हाम्रो अभियान शसस्त्र नभई शसक्त प्रतिरोधात्मक बनेको हो ।' साथै दलाल संसदीय व्यवस्थाको चुनाव नाटकीय रूपमा सम्पन्न भएको र चुनाव समस्याको समाधान होइन भनेर राजनैतिक भण्डाफोर तथा जनभेटघाट अभियान चलाइरहेका, घरमा सुतिरहेका र बसिरहेका आफ्ना नेता कार्यकर्ताहरूलाई पक्राउ गरिएको छ नेता पौडेलको भनाइ छ।

# अखिल (क्रान्तिकारी)को अध्यक्षमा बुढा

■ रगविर विश्वकर्मा/सुर्खेत

अखिल (क्रान्तिकारी) सुर्खेतको २२ औं जिल्ला सम्मेलन सम्पन्न भएको छ। सोमबार विरेन्द्रनगरमा भएको सम्मेलनले कमल बुढाको नेतृत्वमा २५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। त्यस्तै उपाध्यक्षमा गोकर्ण थापा, सचिव भक्त बुढा, सहसचिव नविन बिक रहेका छन् भने कोषाध्यक्षमा हिराजन बुढा, कार्यालय सचिव मनिराम बिकलगायत २५ सदस्य रहेको अखिल (क्रान्तिकारी) सुर्खेतले जनाएको छ।

संगठनका केन्द्रीय सदस्य केवि मल्लको प्रमुख आतिथ्यतामा भएको सम्मेलन कमल बुढाको अध्यक्षतामा सम्पन्न भएको हो। उक्त सम्मेलनको उद्घाटन् गर्दै केन्द्रीय सदस्य मल्लले अव शैक्षिक माफियाहरु होसियार हुन चेतावानी दिए। शिक्षामा भएको माफियाकरण, भ्रष्टाचार, र अनियमिततालाई चिर्दै जाने एक मात्र आफ्नो संगठन भएको सदस्य मल्लको जिकिर थियो। यस्तै सम्मेलनमा संगठनका केन्द्रीय सदस्य धनबहादुर नेपाली, भेरी व्युरो सदस्य भिम कठायत, नेपाल कम्युनिस्ट पार्टी सुर्खेतका इञ्चार्ज ध्रुवलगायतले सम्मेलन सफलताको शुभकामना दिएका थिए।



शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



प्रो. शंकर बहादुर श्रेष्ठ
माछापुच्छ्रे मेटल एण्ड इन्जिनियरिङ वर्कसप
काठमाडौं-७, लामापोखरी मार्ग, चावहिल, काठमाडौं
फोन : ९८४१२४११९६, ०१-४४८९०३२


शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सिद्धार्थ गौतम ओभरसिज
नारायणगोपाल चोक, चक्रपथ, काठमाडौं

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा
सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।
सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९

TANAHU HYDROPOWER LIMITED
Tanahun Hydropower Project (140 MW)

Tanahun Hydropower Limited was established as a subsidiary company of NEA to develop 140 MW Tanahun Hydropower Project (previously known as Upper Seti HEP). The major construction activities are scheduled to begin by the end of 2017.
The main features of the Project are:

| | |
|---|---|
| Installed Capacity | : 140 MW |
| Annual Energy | : 585.7 GWh |
| Design Flow | : 131.2 m3/s |
| Dam Height/Type | : 140 m/concrete gravity |
| Headrace Tunnel | : 1162 m (7.4 m dia) |
| Surge Shaft | : 61.5 m (ht.), 28 m (dia) |
| Penstock Pipe | : 160 m (l), 5.7 m to 4 m (dia) |
| Turbine | : Vertical Shaft Francis 2 Nos. |
| Powerhouse | : Underground Type |
| Transmission Line | : 36.9 km |



शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली
तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
दशैं
अनिल अग्रवाल
पवन ढुवानी सेवा
भरतपुर महानगरपालिका–३, बेलचोक, नारायणगढ,
चितवन, फोन नं. ९८५५०६०१०८

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली
तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
दशैं
मनकामना हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.
शाखा कार्यालय, न्यूरोड, नारायणगढ, भरतपुर
महानगरपालिका–३, चितवन







शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली
तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।
दशैं



तारा प्रसाद भट्टराई
काठमाडौं

शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली
तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
दशैं
गणेश बहादुर श्रेष्ठ
लक्ष्मी ग्रुप
केन्द्रीय कार्यालय, पोखरा, कास्की

शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली
तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
दशैं
Er. Deepak Joshi
Director
JAM
JOSHI AUTOMOBILES
JOSHI AUTOMOBILES
Jam Plaza, Gongabu, Chaktapath, kathmandu
Tel : 01-4354021, 4354162




शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली
तथा छठ पर्वको अवसरमा अभिभावक, विद्यार्थी एवम् सम्पूर्ण
दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना
दशैं
GYANKUNJ COLLEGE
Ravibhavan, Kathmandu
Tel: 4272831, 4272334




निर्देशक : अनिल शर्मा, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं